# संघीय संसद
# राष्ट्रिय सभा
# बिसौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २३ चैत २०८२
# सोमवार
# बैठक सङ्ख्या- ३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १२:१७ बजे प्रारम्भ भयो।

**(१२:१७ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। "शून्य समयमा" बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छ। सर्वप्रथम माननीय सदस्य कृष्ण बहादुर रोकाय।

**(१२:१८ बजे)** **माननीय श्री कृष्ण प्रसाद रोकाय (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, निर्वाचन अघि २,८७५ अङ्कमा रहेको NEPSE आइतवारसम्म २,६७६ मा ओर्लिएको छ। यस अवधिमा लगानीकर्ताले करिब ३ खर्ब गुमाएका छन्। नयाँ र बलियो सरकार आइसकेपछि उद्योग व्यवसायी उत्साहित पनि थिए। तर सरकारले उद्योग व्यवसायीप्रति गरेको एक्सनले पुँजी बजार अब बढ्न पाउँदैन भन्ने नकारात्मक भाष्य सिर्जना भएकोले NEPSE मा लगातार उच्च अङ्कको गिरावट

देखिएको स्टोक ब्रोकर एसोसिएसनले जनाएको छ। सम्माननीय अध्यक्षज्यू, तरासका कारण अहिले ठुला व्यवसायी बजारबाट बाहिरिने खतरा बढेको छ। यसतर्फ सम्माननीय अध्यक्षज्यू मार्फत म नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१२:१९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य घनश्याम रिजाल।

(१२:१९ बजे) **माननीय श्री घनश्याम रिजाल (नेपाली कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, यही चैत्र १८ गते साँझ ललितपुरको ग्वार्को स्थित फ्लाईओभरमा सवारी साधनले ठक्कर दिँदा शैलुङ गाँउपालिका वडा नं ४ दोलखा स्थायी घर भएका ठक्कर बहादुर..... गम्भीर घाइते भइ दुर्घटना स्थल नजिकै रहेको B&B Hospital अचेत अवस्थामा उपचार गराइरहनु भएको छ। कमजोर आर्थिक अवस्थाका कारण परिवारले थप उपचार गराउन नसक्ने स्थिति सिर्जना भएको छ भने दुर्घटना गराउने सवारी साधन र चालक पक्राउ पर्न सकेका छैनन्। म घाइतेको उपचार प्रबन्ध मिलाई जीवन रक्षाको लागि सरकारको ध्यानाकर्षण गराउँदछु। साथै सवारी दुर्घटनामा उपचार खर्चको दायित्व लिनुपर्ने सवारी चालक र धनी पक्राउ पर्न नसक्दा कमजोर आर्थिक अवस्थाका कारण उपचार गराउन नसकी कयौं नेपालीले अनाहकमा ज्यान गुमाउनु परिरहेको छ। त्यस्ता घाइतेहरूको उपचारका लागि छुट्टै सरकारी कोषको व्यवस्था गरी उपचारको प्रबन्ध गरी नागरिकको बाँच्न पाउने अधिकारको रक्षा गर्न सरकारसँग सम्माननीय अध्यक्षज्यू मार्फत ध्यानाकर्षण गराउँछु। धन्यवाद।

(१२:२० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य पदम बहादुर परियार।

(१२:२० बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, युएई, साउदी अरेबिया, कतार, दुबई, बहराइन, कुवेत, ओमान जस्ता मध्यपूर्वका देशमा १७ लाख भन्दा बढी नेपाली कामदारहरू छन्। इरान र अमेरिकी युद्धका कारण ति नेपाली कामदारहरू ठुलो मानसिक तनाव, त्रास र डरका बीच बाँचिरहेका छन्। यता नेपालमा रहेको उनिहरूका परिवार र आफन्तहरू आज के हुने हो, भोलि के हुने हो भनि आँसुमा डुबीरहेको अवस्था छ। मसँग सम्पर्कमा आएका केही नेपाली कामदारले भने हाम्रो भोट चल्यो, हाम्रो नोट पनि अलि-अलि चल्यो तर हाम्रो चोट बुझेनौं, बालेन सरकार। यसर्थ, म सम्माननीय अध्यक्ष मार्फत ति नेपाली कामदारलाई यथासम्भव आवश्यक pshyco social counselling, सुरक्षा र आपत्कालिन उद्धारको बारेमा ति कामदारहरूलाई

आश्वस्त बनाउनको लागि नेपाल सरकार, परराष्ट्र मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१२:२१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य मनरुपा शर्मा।

(१२:२१ बजे) **<u>माननीय श्री मनरुपा शर्मा (नेपाली कम्युनिष्ट पार्टी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नयाँ सरकारको विषयले चर्चा परिचर्चा चलिरहेको छ। त्यसका साथसाथै आम नागरिकलाई महँगीले पीडित बनाइरहेको छ। खाद्यान्न, पेट्रोलियम पदार्थ, खाना पकाउने ग्याँस लगायत सबैको मूल्य बढे पछि मजदुर सङ्कटमा परेका छन्। यसको असर देशको शहरी क्षेत्रमा बस्ने र सीमित खर्चले घर धान्ने परिवार बढी मारमा परेका छन्। देशकै अर्थतन्त्र प्रभावित बनेको छ। यस्ता विषयलाई सम्बोधन गर्ने कुनै कार्ययोजना सरकारले ल्याएको छैन। यस सम्बन्धी छिट्टै सरकारले आम नागरिकलाई लाभ हुने कार्ययोजना ल्यायोस् र सम्माननीय अध्यक्ष मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१२:२१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य रुकमिणी कोइराला।

(१२:२१ बजे) **<u>माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, आज देशमा सामाजिक सञ्जालमा बढेको साइबर अपराधले सबैलाई गम्भीर बनाएको छ। पाँच वर्षदेखिका कलिला बालिका लगायत हजारौं किशोरीहरू बलात्कारका शिकार भएका छन्। यसै गरी मोबाइल खोल्ने बित्तिकै ह्वारह्वारती युवकहरूले तलाई बलात्कार गर्दिन्छु, जङ्गलमा फालदिन्छु भन्ने जस्ता धम्की आएको देखिन्छ। कतिपय किशोरीहरू गाली-बेइज्जतीका कारणले डिप्रेशनसम्म पुगिसकेका छन्। म सरकारलाई स्पष्ट रूपमा आग्रह गर्न चाहन्छु कि साइबर आक्रमण रोक्न कडा भन्दा कडा कानुन ल्याइयोस्। साइबर दुरुपयोग गर्नेलाई चाँडो भन्दा चाँडो पहिचान गरी कारबाही गरियोस्। सबै महिलाहरूको डिजिटल सुरक्षा सुनिश्चित गरियोस्। पीडितलाई न्याय दिन विशेष छानबिन समिति गठन गरियोस्। धन्यवाद।

(१२:२३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य रेनु चन्द।

(१२:२३ बजे) **माननीय श्री रेनु चन्द (नेपाली कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्षज्यू, इन्धनको मूल्य बढ़ेको छ, ग्याँसको उपलब्धता सकसपूर्ण भएको छ, यसले मुद्रास्फीति बढ़ाउँछ, महँगी त बढाएकै छ। विगतमा विगतका सरकारले पेट्रोलको मूल्य बढ़ाउँदा वर्तमान प्रधानमन्त्रीले सामाजिक सञ्जाल मार्फत चर्को विरोध गर्नु भएको थियो र राज्यलाई राज्यको दायित्व बोधका लागि सजग बनाउनु भएको थियो। अहिले उहाँ आफै सरकारको नेतृत्व गरिराख्नु भएको छ। यस दायित्व र समस्या प्रति प्रधानमन्त्रीज्यू गम्भीर हुनुहुन्छ भन्ने मैंले अपेक्षा राखेकी छु। अमेरिका, इरान, इजराइलको युद्ध तत्कालै टुङ्गोमा जाने देखिँदैन। हाम्रो ध्वस्त पारिएका संरचना पनि आजको भोलि बन्ने देखिँदैन। तसर्थ, यो विषयमा गम्भीरतापूर्वक सरकारको ध्यान जाओस् र म सभा अध्यक्षज्यू मार्फत सरकारलाई भन्न चाहन्छु। सरकार भान्सा महँगो भयो, तुरुन्त राहत दिनुस्। धन्यवाद।

(१२:२४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१२:२४ बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अन्तर्राष्ट्रिय द्वन्द्वका कारण डिजेल, पेट्रोल र खाना पकाउने ग्याँसको मूल्य अकासिएको छ। जसको प्रत्यक्ष प्रभाव नेपाली नागरिकको भान्सामा परेको छ। तर मूल प्रश्न के हो भने के हामी सधैं आयातमा निर्भर हुने हो र ? दुई तिहाइ सरकार बलियो हुँदा पनि नेपाली नागरिक महँगीको मारमा मात्र छोडने हो र ? म सरकारसँग स्पष्ट माग गर्दछु। पेट्रोलियम पदार्थमा लाग्ने कर घटाएर तत्काल राहत दिइयोस्। बिजुली विद्युतीय चुलो "इन्डक्शन" र सवारीलाई प्रोत्साहन गर्न बिजुली सस्तो बनाइयोस्। विद्युत चुहावटमा कडा निगरानी गरियोस्। सम्माननीय अध्यक्षज्यू, दैलेखमा भइरहेको ग्याँस तथा पेट्रोलियम उत्खननले नेपाललाई आत्मनिर्भर बनाउने ठूलो सम्भावना बोकेको छ। यसलाई उच्च प्राथमिकता साथ तीव्र गतिमा अगाडि बढाइयोस्। साथै कर्मचारीहरूको हप्ताको २ दिन बिदा पनि पुनरावलोकन गरियोस्। जनता अब महँगी सह्न सक्ने अवस्थामा छैन। राहत चाहिन्छ, विकल्प चाहिन्छ, सरकारबाट जवाफदेहिता चाहिन्छ। धन्यवाद। जय नेपाल।

(१२:२५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१२:२६ बजे) **माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाली कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, मध्य पूर्वको युद्धलाई निहुँ बनाएर हाम्रो सरकारले सरकारी, शिक्षण संस्थालाई २ दिन बन्द गराउनु राम्रो होइन। नेपालमा कुल विद्यार्थी मध्ये पैदल हिड्ने र आफ्नै गाड़ी चढेर विद्यालय जाने विद्यार्थीहरुको सङ्ख्या कति छ सरकार ? नेपाल पहाडले बनेको र गरिबीले घेरेको मुलुक भएकोले हामी नेपालीका अधिकांश छोरा छोरीहरू पैदल हिँड्छन्। थोरैले मात्र सार्वजनिक गाड़ी चढ्छन् र सार्वजनिक गाडी बन्द नहुने तर विद्यार्थी मात्र बन्द किन गऱ्यो सरकार ? शुक्रवार आधा दिन समेत आधा दिन कम तीन दिन कर्मचारी र विद्यार्थीलाई बेरोजगार राख्नु बेथिति सिर्जना गर्नु हुन सक्छ। यो निर्णय फिर्ता लिएर संस्था पुनः सञ्चालन गराउन सम्माननीय अध्यक्षज्यू मार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। धन्यवाद। लाल सलाम।

(१२:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१२:२६ बजे) **मानननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाली कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, मध्य पूर्वमा भइरहेको युद्धको असर नेपाली जनजीवनमा पनि पर्न थालेको छ भनिदैं छ। मध्य पूर्वमा फसिरहेका नेपाली नागरिकहरूको उद्धार कार्यमा विलम्ब न गरियोस्। हाल पेट्रोलियम पदार्थमा लगाएको चर्को कर दरका कारण पनि महँगीले ढाँड सेकिरहेको छ। दैनिक उपभोग्य वस्तु तेल, ग्याँस, खाद्यान्न वस्तुमा भइरहेको बढ्दो मूल्य वृद्धि, बेरोजगारका कारण जनताको दैनिक जीवन चल्न कष्टकर भइरहेको छ। प्रभावकारी बजार अनुगमन, बढ्दो महँगी नियन्त्रण गर्न र नेपाली उद्योगमा चाहिने कच्चा पदार्थको सहज आपूर्तिको व्यवस्था गर्न सम्माननीय अध्यक्ष महोदय मार्फत म सरकारसँग माग गर्छु। धन्यवाद, अभिवादन।

(१२:२७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सावित्री मल्ल।

(१२:२७ बजे) **माननीय श्री सावित्री मल्ल (नेपाली कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय, अन्तर्राष्ट्रिय कारण देखाउँदै नेपाल आयल निगमबाट पटक-पटक इन्धन तथा ग्याँसको अत्याधिक मूल्य वृद्धि गरिएको कारण यातायात र ढुवानी भाडा बढेको र जसले गर्दा दैनिक उपभोग्य वस्तु, निर्माण सामग्री अत्याधिक मूल्य वृद्धि भएको छ। साथै दैनिक उपभोग्य सामानहरूमा अभाव सिर्जना भएको छ। जसले आम उपभोक्ता, सर्वसाधारण, जनता महँगी र अभावको अवस्था भोग्न बाध्य

भएका छन्। त्यसैले इन्धन तथा ग्याँसमा भएको अत्याधिक मूल्य वृद्धि तत्कालै समायोजन गरी मूल्य वृद्धि नियन्त्रण गर्न दैनिक उपभोग्य वस्तुहरूमा देखिएको अभावलाई सर्वसुलभ गराउन तर्फ सरकारले तत्काल कदम चालोस्। अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र अर्को दैलेखको पेट्रोलियम, ग्याँस उत्खनन कुन चरणमा पुगेको छ। त्यसलाई अहिलेको बजेट र नीति कार्यक्रम पहिलो प्राथमिकता पार्न सरकारको ध्यान जाओस् म यो सभा मार्फत ध्यानाकर्षण गराउन चाहन्छु। हस्त धन्यवाद, नमस्कार।

(१२:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यहरुले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू बोल्नका लागि बाँकी रहनु भएका नव निर्वाचित माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। बोल्नका लागि प्रत्येक माननीय सदस्यलाई ५/५ मिनटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य जगत तिमिल्सिना ।

(१२:२९ बजे) **माननीय श्री जगत तिमिल्सिना (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरू, जय नेपाल। कुनैपनि मुलुक कसरी चलेको छ, मुलुकको अवस्था कस्तो छ भन्ने त्यसको ऐनाको रूपमा विश्वविद्यालयहरु कसरी चलेको छ, विश्वविद्यालयहरुको अवस्था कस्तो छ भन्ने एउटा कुरा उठ्छ। त्यसले गर्दाखेरी आज कुनैपनि मुलुकको मेरुदण्ड भनेको उच्च शिक्षा हो र उच्च शिक्षाको गुणस्तर सुधारको लागि शिक्षा नीति र बजेट व्यवस्थापनमा सक्रिय भूमिका खेलेर नेपालको सबै तहको शिक्षामा गुणस्तर शिक्षा सुनिश्चित गर्नका लागि राष्ट्रिय सभाले महत्त्वपूर्ण भूमिका खेलोस् भन्ने मेरो धारणा छ। त्यस्तै उच्च शिक्षा र अनुसन्धान प्रवर्धन कार्य गर्नका लागि राष्ट्रिय सभा महत्त्वपूर्ण भूमिका खेलोस् र यसमा विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूसंग समन्वय गरेर वैज्ञानिक अनुसन्धान नवप्रवर्तन र ज्ञान उत्पादन राष्ट्रिय प्राथमिकतामा राखियोस् भनि म यस गरिमामय सभामा राख्न चाहन्छु। राष्ट्रिय सभा समितिहरूको प्रभावकारिता अभिवृद्धिको लागि यस राष्ट्रिय सभाका सदस्यहरूको महत्त्वपूर्ण योगदान रहनेछ र समितिहरूको कार्य सम्पादन नियमित मूल्याङ्कन गर्दै पारदर्शी र निष्पक्षता सुनिश्चित होस् भन्ने पनि म यहाँ राख्न चाहन्छु। त्यस्तै संघीय सुदृढीकरण प्रभावकारी भूमिका निर्वाह गर्नको लागि माननीयहरूले स्थानीय सरकारलाई वास्तविक सहायता, स्रोत र अधिकार प्रदान गर्न कानुन र नीति निर्माणमा पहल गर्नको लागि हामी सबै माननीयहरूको योगदान हुनुपर्छ भन्ने कुरा पनि म यहाँ राख्दछु।

भ्रष्टाचार नियन्त्रणलाई राष्ट्रिय एजेन्डाको रुपमा अगाडी बढाउनको लागि राष्ट्रिय सभाले महत्त्वपूर्ण भूमिका खेलोस्। सबै सार्वजनिक निकायमा भ्रष्टाचारको निगरानी बढाएर प्रभावकारी अनुगमन र जवाफदेही प्रक्रिया लागु गर्ने छु भन्ने पनि मैले यहाँ तपाईंहरूको अगाडी यो कुरा म राख्न चाहन्छु। त्यस्तै सुशासन स्थापना र राष्ट्रिय सभाको भूमिकालाई प्रभावकारी बनाउने कार्य राष्ट्रिय सभाले महत्त्वपूर्ण भूमिका खेलोस् र सरकारी नीति, बजेट र योजना कार्यान्वयनमा पारदर्शी र समावेशी प्रक्रियामा सुनिश्चित होस् भन्ने पनि म यहाँ राख्न चाहन्छु। त्यस्तै मैले यो नागरिक सहभागिता र पारदर्शिताको कार्यमा राष्ट्रिय सभाले महत्त्वपूर्ण भूमिका राखोस् भन्ने पनि मैले यहाँ राख्न चाहन्छु। यसको लागि राष्ट्रिय सभा सरकारी निकायमा नागरिक सुझाव, सार्वजनिक सुनवाइ र रिपोर्टिङ प्रणालीलाई प्रभावकारी बनाउन पहल गर्दै स्थानीय तहको समस्या, अप्ठ्यारालाई राष्ट्रिय सभामा उठाउँदै र सरकारलाई त्यस्ता सवालहरूमा ध्यान दिन र समस्या समाधान गर्नको लागि पनि हामी राष्ट्रिय सभाका माननीय सदस्यहरूले दबाब दिनुपर्ने पनि मैले यहाँ राखेको छु। यिनै सवालहरू मैले राष्ट्रिय सभामा राख्दै र मलाई नेपाली काँग्रेसले राष्ट्रिय सभाको सदस्यमा उम्मेदवार बनाएकोमा मैले नेपाली काँग्रेसप्रति आभार व्यक्त गर्दै र मलाई राष्ट्रिय सभाको निर्वाचन माघ २१ गते जुन प्रदेश सभासदहरू गण्डकी प्रदेशका सभासदहरू, मेयर, उपमेयर, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षहरूले मलाई आफ्नो मतदान दिएर विजय गराउन उहाँहरू प्रति पनि धन्यवाद राख्दै म बिदा हुन्छु। हस्त धन्यवाद, जय नेपाल।

(१२:३३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य धर्मेन्द्र पासवान।

(१२:३४ बजे) **माननीय श्री धर्मेन्द्र पासवान (नेपाली काँग्रेस)ः**- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाका हाम्रा सदस्यज्यूहरू विशेष गरेर आज मेरो पहिलो दिन हो। मेरो तर्फबाट ज्ञात, अज्ञात वीर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। आज सदनमा जुन बोल्ने मौका मैंले पाएको छु, यहाँ प्रवेश गर्ने मौका पाएको छु। नीति निर्माण, संविधान निर्माता विज्ञहरूलाई मेरो तर्फबाट आभार व्यक्त गर्दछु। जसले गर्दा मैले बोल्न पाएको छु। मेरो राजनीतिक गुरु आज यहाँसम्म पुऱ्याउने शेख इद्रिस हुनुहुन्छ, अनि उहाँलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। म उहाँको सानो एउटा कुरा म भन्न खोज्दै छु। यहाँ २/३ जना माननीयज्यूहरू हुनुहुन्छ उहाँको साथमा बिताउनु भएको छ, "सबैलाई अट्ने सबैलाई समेट्ने सबैलाई बस्ने" उहाँको जुन सिद्धान्त थियो। मलाई धेरै हट्ली(Heartly) लागेको छ। सानो एक दिनको कुरा के छ कि हाम्रो ढुंगीराज शास्त्री, जगन्नाथ आचार्य, कपलेश्वर कायस्त समेत पुराना साथीहरू आउनुभयो। उहाँ जहिले पनि भुइँमा बस्नु हुन्थ्यो। अनि आएपछि उहाँसँग पान

खाने बानी, उहाँ पान खानु हुन्थ्यो। अनि एउटै पानमा सबैलाई सानो सानो टुक्रा गरेर आफ्नै साथमा बसाएर खुवाउनु हुन्थ्यो। विशेष गरेर उहाँलाई सबैलाई अटाउने जुन प्रेरणा मैले उहाँबाट पाएको छु, म आफ्नो अहिले सम्म यहाँ पुऱ्याउनु भएको पार्टीलाई धेरै धेरै आभार व्यक्त गर्न चाहन्छु। सबभन्दा पहिला हाम्रा यो मधेश प्रदेशको मुख्य मन्त्रीजी लगायत विधायक, मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष, सहयोगी सम्पूर्ण साथीलाई म धेरै धन्यवाद दिन चाहन्छु कि उहाँले मलाई चुनावमा आफ्नो मत प्रदान गर्नुभयो मलाई यहाँ पुऱ्याउनुभयो। धन्यवाद छ ।

अब एउटा सरकारको कुरा, सरकारले जुन क्षमा याचना हाम्रो दलितसँग मागेको छ। त्यो एउटा राम्रो कुरो हो, सराहनीय कुरो हो। तर यस्ता घटना पहिला पनि भएको छ। साउथ अफरिका, जर्मनीमा पनि भएको हो। क्षमा याचनाको साथसाथै पछि बेइमानी पनि गरिएको हो। यस्ता भोलि नहोस् भनेर पूरा दलितको तर्फबाट म उहाँलाई धन्यवाद दिन चाहन्छु। उहाँले धेरै राम्रो एउटा के काम गर्नु भएको छ। जुन तरिकाले मधेशी दलित एकदम पिछडिएको छ। त्यो तरिकाले उहाँले एक जना सदस्यलाई जुन "बादी" समुदायका हुनुहुन्छ। उहाँलाई मन्त्री बनाउनु भएको छ। म उहाँलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। किन यो सराहनीय कुरा हो। साथै, उहाँले सुशासनका कुरा गर्नु भएको छ। सुशासनको पहिला स्टेप, पाइला, बुँदा भनेको प्रतिनिधित्व हो। प्रतिनिधित्व भनेको हाम्रो मधेश समुदायको एक जना पनि प्रतिनिधि सभामा सदस्य नआउनु भनेको यो एउटा सङ्केत राम्रो छैन जस्तो मलाई र हाम्रो समुदायलाई लागेको छ। अब मैले यो १७.२९ प्रसेन्ट दलितको तर्फबाट आज म यहाँ बोल्दै छु। अनि उहाँको लागि यो राष्ट्रिय सभामा धेरै जसो समयमा म उहाँलाई त्यो उहाँहरूको सवालमा, मुद्दामा म सहयोग गर्ने छु। धन्यवाद।

(१२:३९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य प्रेम प्रसाद दंगाल।

(१२:३९ बजे) **माननीय श्री प्रेम प्रसाद दंगाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, म सबैभन्दा पहिला सम्पूर्ण वीरगति प्राप्त गर्नुहुने अमर सहिदहरूकोप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। मलाई मतदान गर्ने बाग्मती प्रदेशका प्रदेश माननीयज्यूहरू, गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखज्यूहरू प्रति धेरै धेरै आभार र धन्यवाद ज्ञापन गर्न चाहन्छु। त्यसैगरी नव निर्वाचित सम्पूर्ण माननीयज्यूहरूलाई म धेरै धेरै बधाई र कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। मेरो पार्टी नेकपा एमालेले मलाई बाग्मती प्रदेशबाट राष्ट्रिय सभामा उम्मेदवार बनाएर विजय गराउने जुन भूमिका खेल्यो, जुन जिम्मेवारी दियो यस प्रति पनि म आभार

व्यक्त गर्न चाहन्छु। यो राष्ट्रिय सभा मैले अहिले अध्ययन गर्दा खेरि हामी यहाँ विज्ञ, विशेषज्ञ, प्रबुद्ध क्षेत्रबाट आउनु भएका महानुभावहरू, माननीयज्यूहरू हुनुहुन्छ। त्यसैगरी राजनीतिक क्षेत्रमा शीर्ष नेतृत्व समेतका अत्यन्त अनुभवी व्यक्तित्वहरू हाम्रो माझमा हुनुहुन्छ, माननीयज्यूहरू। सामाजिक क्षेत्रमा परिचालन गरेर प्रतिष्ठा आर्जन गर्नु भएको माननीयज्यूहरू हुनुहुन्छ। यो सबै एउटा डाइनामिक्स छ हाम्रो बीचमा यो डाइनामिक्सबाट हामीले वास्तवमा धेरै नै महत्त्वपूर्ण उपलब्धिहरू लिन सक्छौ। खासगरी विधायन निर्माणको क्षेत्रमा भन्ने मलाई लाग्छ। यो राष्ट्रिय सभालाई अझ प्रभावकारी बनाउनका लागि, यसको गरिमा बढाउनका लागि, म र मेरो दलको तर्फबाट सकारात्मक भूमिका रहने प्रभावकारी भूमिका खेल्ने यो प्रतिबद्धता पनि म यहाँहरूको बीचमा राख्न चाहन्छु। खास गरीकन विधि निर्माणका सन्दर्भमा, ऐन निर्माणका सन्दर्भमा तीनटा स्टेजहरू मैले अध्ययन गरेँ।

एउटा स्टेज भनेको प्रि लेजिस्लेसन विधायन निर्माणको पूर्व अवस्था। त्यो भनेको मन्त्रालयबाट सुरु भएर नेपाल सरकारको मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति लिएर आएर त्यहाँ गरिने केही कामहरू र विधेयक तयारीको  चरण। त्यसमा राज्यको खास गरीकन सरकारको अत्यन्त महत्त्वपूर्ण भूमिका रहन्छ र यसमा यो स्पेसमा माननीयहरूको खास गरीकन भूमिका अलि कमजोर जस्तो लाग्छ मलाई। त्यसो भएको हुनाले हाम्रो पहलकदमी अलि बढी त्यतातर्फ हाम्रो ध्यान त्यता तर्फ जानु पर्छ होला। अर्थात् विधेयक निर्माणको स्टेजमै पहिलो चरणमै हाम्रो सहभागिता सुनिश्चित गराउनु पर्छ। यसका लागि कहाँ कहाँ के के गर्न जरुरी छ, म माननीयज्यूहरूको ध्यानाकर्षण गर्न चाहन्छु।

दोस्रो स्टेज विधेयक निर्माण गर्ने र ऐन बनाउने स्टेज। यसमा त हामी सघन छलफल, अन्तरक्रिया, परामर्श, वाद-विवाद, अनेक अनेक गर्छौं नै र यसलाई समृद्ध बनाउँछौ। त्यो हाम्रो प्रतिबद्धता छदै छ र पोस्ट लेजिस्लेसन निर्माण भइसकेपछि हामीले गर्नु पर्ने कामहरू। त्यसको अनुगमन गर्नुपर्ने कुरा, कार्यान्वयनसँग सम्बन्धित रहेर हामीले नेपाल सरकारलाई प्रतिवेदन बुझाउने कुरा र त्यसको प्रभावकारी कार्यान्वयन गर्न गराउनका लागि खेल्नु पर्ने भूमिका सन्दर्भमा हामीले चासो राख्नु पर्छ होला, अलि बढी ध्यान दिनुपर्छ होला भन्ने मलाई लाग्छ। त्यसो भएको हुनाले अब मैले धेरै यहाँ विषय राख्न गइरहेको छैन। हाम्रो माझमा ठुलो सङ्कल्प छ। त्यो सङ्कल्प भनेको हाम्रो मुलुक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र भौगोलिक विविधतायुक्त मुलुक हो र यो भौगोलिक विविधतासमेत यो डाइनामिक्समा हामीले हाम्रो मुलुकलाई एकताबद्ध बनाउनु पर्छ। विविधता भित्र एकता खोज्नु पर्छ। नेपाली समाजको सहिष्णुता वृद्धि गर्ने, सद्भाव वृद्धि गर्दै सबै प्रकारका विभेदहरू भन्नाले वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, भाषिक, धार्मिक समेत अनेक शोषण, उत्पीडन, भेदभाव, छुवाछुतका तमाम कुराहरू अन्त्य गर्दै हामी अगाडी बढ्नुपर्छ। यति मात्र हैन समानुपातिक समावेशी प्रतिनिधित्व सहित सहभागितामुलक सिद्धान्तका आधारमा हामीले सङ्कल्प गरेको चीज भनेको समतामूलक

समाज हो। ठुलो चीज छ, यो बिराट जिम्मेवारी छ हाम्रा माझमा, हाम्रा काममा। त्यसो भएको हुनाले यो समतामूलक समाज निर्माणका अनेक विधाहरु छन्। यसमा समान अधिकारको कुरा भो, विभेदको अन्त्य कुरा गर्ने कुरा भो, सरोकारवालाहरूको सार्थक उपस्थिति सहित नीति निर्माणमा प्रभावकारी सहभागिताका कुराहरू भए, सामाजिक न्यायका कुराहरू भए, यी सबै कामहरू हामीले सम्पन्न गर्न जरुरी छ। त्यसो भएको हुनाले हामीलाई संविधानले यो मार्ग निर्देशन गरेको छ र अन्त्यमा हाम्रो पार्टीको श्रद्धेय अध्यक्ष एवं पूर्व प्रधानमन्त्री श्रद्धेय अध्यक्ष कमरेड केपी ओली अहिले पनि हिरासतमा रहनु भएको छ। उहाँको गैर न्यायिक पूर्वाग्रह प्रतिशोधयुक्त यो गिरफ्तारी अविलम्ब खारेज गरियोस्। उहाँलाई न्याय गरियोस्। धन्यवाद।

(१२:४५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मीनासिंह रखाल।

(१२:४५ बजे) **माननीय श्री मीनासिंह रखाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, समयको लागि धन्यवाद दिन चाहन्छु र मलाई निर्वाचित गरेर पठाउनु हुने कर्णाली प्रदेशका सभा सदस्य, स्थानीय प्रमुख, उपप्रमुखहरूलाई धन्यवाद दिन चाहन्छु। म यस सम्मानित सदन मार्फत देश, जनताप्रति आफ्नो प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछु र घाइते प्रति स्वास्थ्य लाभको कामना गर्दछु। सम्माननीय प्रधानमन्त्री र मन्त्रीहरूलाई बधाई दिन चाहन्छु।

म संविधानको रक्षा र कानुनको पालनामा लोकतन्त्रको मुख्य मान्यता प्रवर्धनलाई सदा अडिग रहने छु। म जनताका आवाज सदनमा सशक्त रुपमा उठाउने र उनीहरूको समस्या समाधानको लागि निरन्तर पहल गर्ने छु र मेरो कर्तव्य पनि हुन जानेछ। भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता सुशासनको स्थापनामा कुनै पनि सम्झौता गर्ने छैन। देशमा र समृद्धि विकास र स्थायित्वको लागि व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर काम गर्नेछु र म यसको प्रतिबद्धता व्यक्त जाहेर गर्दछु। आफ्नो जिम्मेदारीप्रति इमानदार रहँदै राष्ट्र जनताको हितमा निरन्तर समर्पित रहने वाचा गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, कर्णाली प्रदेश प्राकृतिक स्रोतमा धनी भए पनि आज पनि विकास आधारभूत सूचकमा सबैभन्दा पछाडी छ। कर्णालीमा गरिबी दर करिब ३० प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसत भन्दा धेरै हो। प्रतिव्यक्ति आय पनि देशको सबैभन्दा कम छ। स्वास्थ्य क्षेत्रको अवस्था झनै गम्भीर छ। धेरै जिल्लामा विशेषज्ञ डाक्टरहरूको अभाव छ र अझै पनि बिरामीलाई स्टचरमा बोकेर घन्टौ हिंडाउनु पर्ने बाध्यता छ। शिक्षाको साक्षरता करिब ६५ प्रतिशत मात्र छ। सम्माननीय

अध्यक्ष महोदय, उच्च शिक्षाको लागि विद्यार्थीहरू प्रदेश बाहिर जान बाध्य छन्। पूर्वाधारको कुरा गर्दा अहिले सम्म धेरै बस्तीहरू सडक पहुँचबाट टाढा छन्। वर्षाको समयमा महिनौंसम्म यातायात अवरुद्ध हुन्छ। केवल तथ्याङ्क होइन, यो कर्णालीको नागरिकको दैनिकी पिडा हो। युवाहरूको रोजगारीको खोजीमा विदेशिन बाध्य छन्। आमा, बुवा आफ्ना छोराछोरी टाढा पठाउँदा पिडाले रुन्छन् र त्यसैले म जोडदार माग गर्दछु। कर्णालीलाई विशेष प्राथमिकताका क्षेत्र घोषणा गरियोस् र स्थानीय स्रोत साधनलाई रोजगारीसँग जोड्ने नीति ल्याइयोस्।

अध्यक्ष महोदय, यस सम्मानित सदनमा अत्यन्त गम्भीर विषय उठाउन अनुमति चाहन्छु। हाम्रो पार्टीका श्रद्धेय अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली काँग्रेसका नेता पूर्व गृह मन्त्री माथि गरिएको यो व्यवहार कुनै सामान्य घटना होइन। सभामुख महोदय, यो केवल एक व्यक्ति माथिको कारबाही होइन्। यो लोकतन्त्र, संविधान र विधिको शासन माथिको सिधा आक्रमण हो। अध्यक्ष महोदय, आज एउटा नेतालाई अन्याय गरिएको छ भनि भोलि अन्याय प्रत्येक नागरिकसम्म पनि पुग्न सक्छ। हामीले स्पष्ट रुपमा देखेका छौं। कानुनी प्रक्रिया भन्दा माथि उठेर राजनीतिक प्रतिशोधको खेल भइरहेको छ। यो लोकतन्त्रको लागि अत्यन्त खतरनाक सङ्केत हो। लोकतन्त्रलाई कमजोर बनाउने आवाज दबाउने र विपक्षलाई निशाना बनाउने काम तुरुन्त बन्द गरियोस्। सम्मानित सदनबाट माग गर्दछु केपी शर्मा ओली र रमेश लेखकलाई तत्काल रिहा गरियोस्। निष्पक्ष र पारदर्शी कानुनी प्रक्रिया सुनिश्चित गरियोस्। राजनीतिक प्रतिशोधको अन्त्य गरियोस्। अन्यथा यो केवल सदन भित्र आवाज सीमित रहने छैन। जनताको आवाज सडकबाट गर्जिने छ र त्यसको सम्पूर्ण जिम्मेवारी सरकार नै हुनेछ। धन्यवाद।

(१२:४९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रंजित कर्ण।

(१२:४९ बजे) **माननीय श्री रंजित कर्ण (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, यस गरिमामय सभामा उभिएर लोकतन्त्र र मानव अधिकारका लागि सहादत प्राप्त सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रिय सभाको सदस्यको रूपमा पहिलो पटक यस रोस्टममा बोल्ने अवसर पाउँदा म गौरवान्वित छु। यो संसद केवल भाषण गर्ने स्थान मात्र होइन, जनताको अपेक्षालाई राष्ट्रिय नीतिमा रूपान्तरण गर्ने कार्यभार सहितको राष्ट्रिय जिम्मेवारी हो। संसदको गरिमा उच्च राख्दै जनविश्वास जगाउने कार्यमा मेरो सधैं प्रतिबद्धता रहने छ।

अध्यक्ष महोदय, भर्खरै सम्पन्न निर्वाचनबाट गठित राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारलाई म र मेरो पार्टी नेपाली काँग्रेसको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। यो जनादेश परिवर्तनप्रतिको जनताको आकांक्षा हो र लोकतन्त्र भन्नु नै यस्तै जनअभ्यास हो। लोकतन्त्रमा जनताको आदेश नै सर्वोपरी हुन्छ, नेपाली काँग्रेसको इतिहास नेपालको प्रत्येक राजनीतिक परिवर्तनसँग जोडिएको छ। २००७ साल देखि २०६२/६३ सम्मका जन आन्दोलनहरूले निर्माण गरेको लोकतान्त्रिक आधारकै कारण आज नयाँ पुस्ता उडाउन अवसर पाएको छ। यो हाम्रो राजनीतिक खुलापन र संस्थागत परिपक्वताको सङ्केत हो।

तर अध्यक्ष महोदय, गौरवपूर्ण विगतसँगै हामीले कमजोरीहरू पनि स्वीकार्नै पर्छ। संविधान र अधिकार सुनिश्चित भए पनि सुशासन, रोजगारी र समृद्धिको अनुभूति जनतासम्म अपेक्षित रूपमा पुग्न सकेन। ढिलासुस्ती, नीतिगत अवरोध र भ्रष्टाचार नियन्त्रणमा कमजोरी देखिए। युवालाई देशमै अवसर दिन नसक्दा वैदेशिक रोजगारी बाध्यता बन्यो।

जनअपेक्षा अनुरूप शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रमा गुणस्तरीय सेवा सुनिश्चित गर्न नसक्नु र सुशासन, पारदर्शिता, रोजगारी तथा सामाजिक न्यायमा स्पष्ट मार्गचित्रसहित अघि बढ्न नसक्नु आजको यथार्थ हो, जसलाई अब सुधार्नैपर्छ। काँग्रेससँग अनुभव, ऊर्जा र नवप्रवर्तनको सोच छ भने सरकारसँग पनि ऊर्जा र नवप्रवर्तनको इच्छाशक्ति छ। यी दुईको संयोजनले देशलाई सही गति दिन सक्छ। हाम्रो पार्टी सभापति श्रद्धेय गगनकुमार थापा तथा नेपाली काँग्रेसको भिजन टेन र सरकारको एजेन्डाबीच पर्याप्त समानता छ। भ्रष्टाचार नियन्त्रण, संस्थागत सुदृढीकरण र प्रशासनिक सुधारमा हामी सहकार्य गर्न तयार छौं। सकारात्मक प्रस्तावहरूमा हाम्रो पूर्ण समर्थन रहनेछ।

नेपाली काँग्रेस 'रूपान्तारित काँग्रेस, परिवर्तित देश' को दृष्टिकोणसहित युवा स्वरोजगार, नवप्रवर्तन र आप्रवासी सीप उपयोगमा केन्द्रित छ। स्वदेशमै अवसर सिर्जना गर्न हामी सरकारसँग सहयोगी रहनेछौं, गर्नेछौं।

हामीले अन्तर्राष्ट्रिय सम्बन्धमा हासिल गरेका उपलब्धि र विगतका कमजोरीबाट पाठ सिक्दै बदलिँदो विश्व परिवेशमा नेपालको राष्ट्रिय हित कसरी सुरक्षित राख्नुपर्छ। त्यसका लागि सुझबुझपूर्ण कूटनीतिक अभ्यास र प्रभावकारी आर्थिक कूटनीतिमार्फत तीव्र आर्थिक विकासतर्फ ठोस कदम चाल्ने सरकारका प्रयासमा काँग्रेस सधैं सरकारको साथमा रहनेछ।

निजी क्षेत्रलाई सहजीकरण गर्दै मनोबल उच्च बनाई आर्थिक गतिविधिलाई गति दिने, र पारदर्शी नियमन प्रक्रियामार्फत सुशासन कायम गर्ने सरकारका पहलमा पनि हामी सकारात्मक र उदार रहनेछौं।

अध्यक्ष महोदय, विश्व इतिहासमा हाम्रो संविधान एक ऐतिहासिक दस्तावेज हो। संविधानलाई जीवित राख्न संशोधनमार्फत यसलाई अझ जनमैत्री बनाउन हामी तयार छौं। विकासका एजेन्डामा राजनीतिक पूर्वाग्रहभन्दा माथि उठेर राष्ट्रिय हितलाई प्राथमिकता दिँदा काँग्रेस 'रचनात्मक प्रतिपक्ष' मात्र होइन जिम्मेवार साझेदारको भूमिका अदा गर्न तयार रहनेछ।

म दृढतापूर्वक भन्न चाहन्छु "देश र लोकतन्त्रको हितमा हुने हरेक कदममा हामी साथ रहनेछौं लोकतन्त्र तर जनहितविपरीत विधि र प्रक्रिया मिचेर गरिने जनविरोधी कुनै निर्णय भए त्यसको पालना गराउन प्रतिवाद र प्रतिरोध पनि गर्नेछौं म सरकारलाई स्पष्ट पार्न चाहन्छु।

अन्त्यमा, माननीय प्रधानमन्त्रीज्यूलाई आग्रह छ आउनुहोस्, राष्ट्रिय एकता गरौं यसको लागि सहकार्य गरौं एजेन्डाहरु तयार गरौं निर्वाचनसम्म हाम्रो विचार फरक हुन सक्छन्, पार्टी फरक हुन सक्छन् तर निर्वाचन पछि हाम्रो लक्ष्य एउटै हो समुन्नत नेपाल, सम्मानित नेपाली। नेपाली काँग्रेस युग परिवर्तनका लागि लड्ने पार्टी भएको नाताले नयाँ पुस्तासँग काँधमा काँध मिलाएर अघि बढ्न चाहन्छ। यसको लागि हामी बाधक होइन, अर्थपूर्ण संवाद गर्न चाहन्छौं, संसद त्यो संवादको साझा मञ्च हो संसद कमजोर भयो भने लोकतन्त्र पनि कमजोर हुन्छ। धन्यवाद। जय नेपाल।

(१२:५४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राम कुमारी झाक्री।

(१२:५५ बजे) **माननीय श्री राम कुमारी झाक्री (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय सभाको गरिमामय हलमा उपस्थित हुन पाउँदा आफूलाई अत्यन्त गौरव बोधको अनुभूति गरेको छु। राष्ट्रिय सभामा भएका असल र भिन्न प्रकारका अभ्यासबाट दिक्षित हुन पाउने यो मौका पनि हो। यसको लागि आभार पनि व्यक्त गर्न चाहन्छु र सँगसँगै यो राष्ट्रिय सभामा निर्वाचित गर्ने मेरो दल यो दलसँग सम्बद्ध फेरी गठबन्धन दल र लुम्बिनी प्रदेशका प्रदेश सभाका माननीय सदस्यज्यूहरू, लुम्बिनी प्रदेशका स्थानीय तहका प्रमुख, उपप्रमुख लगायतका सबै आदरणीय मतदाताज्यूहरूलाई म सम्झिन चाहन्छु। हाम्रा केही असल अभ्यासहरू छन्। ती अभ्यासहरूको माध्यमबाट राष्ट्रिय सभामा मैंले गर्ने भूमिका समग्र मुलुकको लागि खासगरी लुम्बिनी प्रदेशको लागि र लुम्बिनी प्रदेशका हाम्रा मतदाताले हामीलाई निर्वाचनको बखत दिएका केही दायित्व र जिम्मेवारीहरू छन्। ती जिम्मेवारीलाई सधैं सम्झने प्रण गर्नेछु। म यो राष्ट्रिय सभामा धेरै चीजहरू स्मृतिको रुपमा मात्रै लिन चाहन्छु। खासगरी नयाँ सङ्कल्प त हामी काम गर्ने सन्दर्भमा गर्ने नै छौं। यो सन्दर्भमा आज जुन लोकतान्त्रिक व्यवस्था हामीले अभ्यास गरिराखेका छौं। आज सम्मको यो परिवर्तन र यो परिवर्तनको दौरानमा सहादत प्राप्त गर्ने सम्पूर्ण सहिदहरूप्रति हार्दिक सम्मान पनि व्यक्त गर्न चाहन्छु।

सहिदहरूको सम्मान सँगसँगै आजको समाज र यो समाजमा हामीले जे प्राप्त गऱ्यो र आज जुन अवस्थाबाट यहाँ आइरहेका छौं। यसका प्रति केही यस्ता थुप्रै अनुत्तरित प्रश्नहरू छन्। यो प्रश्न मलाई लाग्छ कि राष्ट्रिय सभामा छोडेर जानुपर्छ। यसको जवाफ, यसको छानबिन, यसको अभियोजन, यसको प्रतिवेदन न्याय र निरूपण भन्ने कुरा इतिहासमा कहिले हुन्छ चाहिँ म भन्न सक्दिन। तर केही प्रश्नहरू चाहिँ छोड्नुपर्छ भन्ने लागेको छ मलाई। त्यसो हुँदै गर्दा खेरि हामी खास गरी ०६२/०६३ साल ०४६ साल ००७ साल सबै क्रान्तिमा संलग्न भएका राजनीतिक दलहरू आज हामी यो सब ठीकठाक छ भनिरहेका छौं। यो सबै ठीकठाक थियो कि थिएन भन्ने कुराको एउटा पुनर्मूल्याङ्कनको आवश्यक छ। यो सब ठीकठाक थियो भन्दा ठीकठाक थिएन। तर सबै खराब थियो भन्दा यो खराब पनि थिएन। यो समाजलाई यहाँ सम्म ल्याउनको लागि हाम्रा केही विभिन्न कालखण्डहरूमा हाम्रा असल अभ्यासहरू थिए। ती अभ्यासबाट हामीले आजको परिष्कृत समाज पाएका थियौं। यो यसमा पनि हामीले धेरै यसका जनक्सचरहरु उकाली ओरालीमा थुप्रै हन्डरहरू खादै आएका थियौं। समाजको सहअस्तित्व स्वीकार गर्ने सन्दर्भमा हामीले धेरै अप्ठ्याराहरू भोग्दै-भोग्दै आएका थियौं।

आजको एक प्रकारको एक्जिस्टेन्स समाजलाई बनाउन पनि हामीले खोजेका थियौं। आजको यो परिवर्तन यतिकै भएको परिवर्तन होइन। यो परिवर्तनका पछाडी धेरै ठुलो सङ्कल्प, धेरै ठुलो योगदान, धेरै ठुलो एक प्रकारको बलिदानको आजको उपलब्धि हो। तर यो उपलब्धि हुँदै हुँदै गर्दा यी सबै कुरा समाजमा हामीले जस्ताको तस्तै किन भन्न सकेनौ त। आज हाम्रा नवयुवाहरू यो संरचना, यो व्यवस्था र यी सबै कुरामा किन खुशी छैनन् भन्ने कुराका लागि मलाई आज के लाग्छ भने केही बेठीकहरू थिए। ती बैठकहरूलाई करेक्सन गर्ने हामीले कुरा दिएनौं। त्यसकारण कुनै पनि लोकतान्त्रिक समाज भित्र शान्तिपूर्ण ढङ्गले कुनै पनि सत्ताको विरुद्ध नागरिकलाई विद्रोह गर्ने अधिकार सुरक्षित हुन्छ। तर भाद्र २३ र २४ गतेको विद्रोह त्यो शान्तिपूर्ण थियो ? अथवा त्यो हिंसात्मक र के विद्रोह थियो त ? त्यसको जिम्मा कसले लिने हो ? २३ गतेको घटनाका बारेमा केही प्रतिवेदनहरू आए। २४ गते यही खण्डहर भएका सिंहदरबारहरू, यी जलेका कुराहरू र यो राज्य विरुद्धको राज्यको विरुद्धमा जलाउँदा केही हुन्न भन्ने कुराको भाष्य र त्यसरी मोनिटरिङ गरेर मान्छेलाई कसले पठायो। यसको उत्तर कसले खोज्ने हो ? आज सिंहदरबार जलाउनु हुन्छ, जलाउँदा केही हुन्न भन्ने भाष्य कसले खडा गर्थ्यो र आज नवयुवालाई यो ढङ्गले कसले प्रयोग गऱ्यो। यसको जवाफ आज होइन, भोलि र कुनै दिन यही सम्मानित राष्ट्रिय सभाले खोज्ने छ। यसका हामी भन्दा पछिका माननीय सदस्यहरूले पनि खोज्नु हुनेछ भन्ने लाग्छ कि कार्पेट मुनि धुलो राखेर सब ठीकठाक छ भनेर जाने कुरा मेरो विचारमा ठिक छैन। भदौ २३ को घटना शान्तिपूर्ण थियो भन्ने आधारमा आज सिंहदरबार जे खण्डहर बन्यो। म त एक हिसाबले भन्ने यो सिंहदरबारको खण्डहरको साक्षी होइन। कुनै बेला यी सबै

पुनर्निर्माणको म नेतृत्व कर्ता पनि थिए। त्यसले गर्दा अरू सबै मान्छे भन्दा म अझ धेरै भावविह्वल छु कि यो इतिहासमा के भएको थियो ? यसको निष्पक्ष छानबिन कहिले हुन्छ ? यसको जवाफदेहिता राज्यले कुन तहले कहिले लिन्छ भन्ने कुराको प्रश्न मैले यहाँ छोड्न चाहन्छु। यसको वरिपरि यो आफ्नो पूरै कार्यकालमा यो प्रश्नको जवाफ खोज्ने प्रयास पनि गर्नेछु। धन्यवाद।

(१३:०० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रेखा कुमारी झा।

(१३:०० बजे) **माननीय श्री रेखा कुमारी झा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभामा उपस्थित हुँदा आफूलाई गौरव ठानेको छु। त्यस्तै गरी अघिल्लो वर्ष तथ्याङ्क अनुसार मधेश प्रदेशको २६० वटा महिला माथि हुने हिंसा घटनाको अभिलेख भएका छन्। जसमा धनुषा जिल्लाका सबैभन्दा धेरै घटनाहरू अभिलेख भएका छन्। तथ्याङ्क अनुसार ६२.३१ प्रतिशत घरेलु हिंसा भएका छन्। सबैभन्दा धेरै हिंसा घर भित्रै भएकै सदस्यहरूबाट ९.९६ प्रतिशत रहेका छन्। जसमा घर भित्रै बढी जोखिम रहेको वास्तविकता उजागर गर्छन्। १८ देखि लिएर ३५ वर्ष उमेर समूहका सबैभन्दा प्रभावित रहेका देखिन्छ। त्यस्तै दाइजो कम हुन परिवारको दबाब विवाह गर्नु छोरी जन्माउनु सौन्दर्य प्रतिको पूर्वाग्रह तथा अन्य संस्कृति परम्परागत कारण रहेको छ। तथ्याङ्कले देखाउँछ, साथै मधेशमा अझै पनि विवाह पछि मात्रै महिलाको नागरिकता बनाउने प्रचलन रहेको छ। हिंसा प्रभावित महिलालाई नागरिकताको अधिकारबाट बञ्चित गरिएको, विवाह दर्ता नहुने र उनका आश्रित बच्चाहरूको जन्म दर्ता र पोषणयुक्त खाना अन्य आवश्यक सेवा सुविधाबाट समेत बञ्चित हुने गरेको पाइएको छ। मधेशमा घरेलु हिंसा दर घटाउन हो भने सरकारले हरेक घरका मानिसहरूलाई उमेर अनुसारको सिप तालिम दिन जरुरी देखिएको छ। सिप अनुसारको व्यवसाय गर्न प्रोत्साहन पनि गर्नु पर्ने देखिएको छ।

सम्माननीय अध्यक्षज्यू, निजामती कर्मचारी ऐन बनाउने र त्यसलाई निरन्तर दिनको लागि तत्पर रहनुपर्ने देखिएको छ। आज हाम्रो देशमा १० औं वर्षदेखि कर्मचारीहरू काम गर्दै आइराख्नु भएको छ। तर उहाँको बढुवा भएको अवस्था देखिएको छैन। सम्माननीय अध्यक्षज्यू जो सँग पहुँच छ उहाँहरूको नै बढुवा भएको अवस्था देखिएको छ। सम्माननीय अध्यक्षज्यू, राज्य र गैरकानुनी, गैरसंवैधानिक, पूर्वाग्राही र प्रतिशोध तरिकाले अगाडि बढ्ने हो भने देशमा लोकतन्त्र माथि नै गम्भीर प्रश्न उठाएको हुन्छ। जसले विधि र शासनको प्रभाव, स्वतन्त्रताको राजनीतिक तथा मानव अधिकारको

गम्भीरता उल्लङ्घन भएको छ। त्यसैले पूर्व प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू र पूर्व गृहमन्त्री श्री रमेश लेखकज्यूलाई अविलम्ब रिहाइ जोडदार माग गर्न चाहन्छु। धन्यवाद।

(१३:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रोश्नी मेचे।

(१३:०४ बजे) **माननीय श्री रोश्नी मेचे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज यस गरिमामय राष्ट्रिय सभाको बैठकमा पहिलो पटक सम्बोधन गर्न उभिदैं गर्दा खुशी, गौरवको साथै गहिरो जिम्मेवारीबोध महसुस गरेको छु। यसै अवसरमा लोकतन्त्र, गणतन्त्र, संघीयता प्राप्तिका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै उहाँहरूको बलिदानप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, यस राष्ट्रिय सभाको गरिमा, यसको संस्थागत अस्तित्व, बौद्धिक तथा समावेशी विमर्शको थलोको रूपमा रहेको भूमिकालाई स्मरण गर्दै एक अल्पसङ्ख्यक मेचे समुदायको महिलालाई राष्ट्रिय सभा जस्तो गरिमामय सदनमा पुग्ने ऐतिहासिक अवसर प्रदान गर्नुहुने हाम्रो पार्टीका श्रद्धेय अध्यक्ष तथा पूर्व प्रधानमन्त्री सम्माननीय केपी शर्मा ओलीज्यू साथै पार्टीका नेतृत्वहरू, मलाई विश्वासका साथ मतदान गरि विजयी गराउनु हुने कोशी प्रदेशका आदरणीय प्रदेश माननीयज्यूहरू, जनप्रतिनिधिज्यूहरू, सम्पूर्ण समर्थकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। निर्वाचित वर्तमान सरकारले जनताको हितमा, राष्ट्रको हितमा विधिको शासन, संवैधानिक सर्वोच्चतालाई आत्मसाथ गरेर काम गर्न सकोस् हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु। सरकारले गरेका सकारात्मक जनहित मुखी र राष्ट्रको हितमा गरेको कामलाई सधैं रचनात्मक समर्थन र सहयोग रहनेछ। सरकारले राष्ट्र र जनहितमा प्रतिकूल असर गर्ने निर्णयहरूमा निरन्तर उत्तरदायित्व सुनिश्चित गर्न निरन्तर खबरदारीको आवाज पनि उठाइरहनेछु।

सम्माननीय अध्यक्ष महोदय, खबरदारीको कुरा गर्दै गर्दा सरकार गठन भएको २४ घण्टा नबित्दै पूर्व प्रधानमन्त्री तथा पार्टी अध्यक्ष सम्माननीय केपी शर्मा ओलीज्यूमाथि प्रतिशोधपूर्ण भावनाले विधिको शासनलाई नै चुनौती दिने कदम प्रति खेद प्रकट गर्दछु। त्यस्तै विवादास्पद तथा वैधानिकतामै प्रश्न उठेको आयोगको सिफारिसका आधारमा गरिएको यस्ता निर्णयहरूले विधिको शासन र संवैधानिक मर्यादामाथि गम्भीर प्रश्न खडा गरेको छ। साथै सरकारले प्रश्न उठाएकै आधारमा महिला तथा नागरिकमाथि देखिदैं आएको बढ्दो साइबर बुलिङ्ग, धरपकड र सिर्जित त्रासपूर्ण वातावरणले संविधान प्रदत्त मौलिक अधिकार र सुशासनका आधारभूत मान्यतामाथि प्रश्न चिन्ह खडा गरेको छ। यसप्रति म सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा विगतदेखि

नै विधायन निर्माण, नीतिगत मार्गदर्शन, समावेशी बहसको थलोको रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यसले नीति निर्माणमा गहिरो विमर्श, सन्तुलन र स्थायित्व थप्दै लोकतान्त्रिक अभ्यासलाई सुदृढ बनाउँदै आएको छ। त्यसैले हामीले केवल समस्या औंल्याउने मात्र होइन समाधानतर्फ अघि बढ्न आवश्यक छ। म समाधान केन्द्रित र परिणाममुखी कार्यशैलीमा विश्वास गर्छु। दिगो विकास लक्ष्यलाई आत्मसाथ गर्दै सीमान्तकृत समुदाय र महिलाको मुद्दालाई केन्द्रमा राखी तथ्य, प्रमाण र तर्कमा आधारित नीतिगत बहसलाई अघि बढाउने मेरो दृढ प्रतिबद्धता छ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको सार्वभौमसत्ता, स्वाधीनता र राष्ट्रिय अखण्डता हाम्रो अस्तित्व र भविष्यका आधार हुन्। राष्ट्रिय स्वाधीनता र नागरिक अधिकार एक अर्कासँग गहिरो सम्बन्ध हुन्छ। जबसम्म सबै नागरिकले सम्मानजनक जीवन, समान अवसर, न्यायमा पहुँच प्राप्त गर्दैनन् तबसम्म हाम्रो सार्वभौमसत्ता पूर्ण रूपमा सुदृढ हुन सक्दैन। नीति निर्माणमा सभावेशीताको कमी, विकास प्रक्रियामा ढिला-सुस्ती, कार्यान्वयनमा कमीकमजोरी र सुशासनका अभावका कारण सार्वजनिक विश्वास अझै कमजोर देखिन्छ। जब हाम्रो शिक्षामा गुणस्तरीय परिवर्तन आउँछ, स्वास्थ्य सेवा र रोजगार सबैका लागि भरपर्दो बन्छ, त्यतिबेला मात्र राज्यप्रतिको विश्वास बलियो हुँदै जान्छ। हामीले कानुन, नीति, नियम त निर्माण गर्छौं तर प्रभावकारी कार्यान्वयनको अभावले नीति र व्यवहार बीचको दूरी कायमै रहिरहेको अवस्थामा यस्ता चुनौतीहरूका बीच म आफूलाई नीति र कार्यान्वयनबीचको दूरी घटाउने संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयलाई मजबुत बनाउने एक जिम्मेवार सेतुको रूपमा प्रस्तुत गर्न चाहन्छु। विगतको अनुभवहरू र युवाको ऊर्जा समेटेर अघि बढ्नु आजको आवश्यकता हो। प्रत्येक नीतिगत स्पष्ट कार्ययोजना समय सिमा र उत्तरदायित्व जोडिए मात्र हामी वास्तविक परिवर्तन तर्फ अघि बढ्न सक्छौ भन्ने विश्वास छ।

अन्त्यमा, राष्ट्र तब सशक्त बन्छ जब शासन केवल शक्तिमा होइन उत्तरदायित्व र नागरिकको विश्वासमा अडिएको हुन्छ। यस गरिमामय सदन मार्फत हार्दिक आह्वान गर्न चाहन्छु सम्पूर्ण माननीय सदस्यहरूबीच सहकार्य एकता र सकारात्मक प्रतिस्पर्धाबाट राष्ट्र हितलाई केन्द्रमा राख्दै (.....समय सकिएको।)

**(१३:०९ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य ललित जङ्ग शाही।

(१३:१० बजे) **<u>माननीय श्री ललित जङ्ग शाही (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो रोष्टममा उभिएर बोल्दै गर्दा २००७ सालदेखि विभिन्न समयमा यस मुलुकका जनता र लोकतन्त्रका लागि आफ्नो अमूल्य जीवन गुमाउने शहिदहरूप्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। साथै मलाई राष्ट्रिय सभाको कर्णाली प्रदेशको अन्य समूहबाट यहाँ सम्म पुग्ने अवसर प्रदान गर्ने मेरो पार्टी नेपाली काँग्रेस र श्रद्धेय नेताहरू र म उम्मेदवार हुदै गर्दा मलाई आफ्नो अमूल्य मत प्रदान गर्नुहुने कर्णाली प्रदेशका प्रदेश सभाका माननीय सदस्यज्यूहरू, नगरका प्रमुख र उपप्रमुखज्यूहरू, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, आदरणीय मतदाताज्यूहरूप्रति हार्दिक आभार र धन्यवाद व्यक्त गर्न चाहन्छु। राष्ट्रिय सभाको सदस्यको हैसियतले राष्ट्रिय सभाको गरिमालाई, छविलाई उच्च र स्वच्छ राख्न, राष्ट्रिय सभाको भूमिकालाई प्रभावकारी बनाउन म आवाज बुलन्द गर्दै जाने समेत प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो देश नेपाल यो संसारका दुई ढाई दर्जन देशहरू भित्र पर्दछ। आज २१औं शताब्दीसम्म आइपुग्दा हाम्रो देशमा व्यवस्था बदलियो अवस्था बदलिएन भन्ने भाष्य किन निर्माण हुन पुग्यो, त्यतातिर हामी गम्भीर हुन जरुरी छ जस्तो लाग्छ। हामी व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर सहमति, सहकार्य र एकताका साथ सर्वप्रथम हामीले राष्ट्रियतालाई कमजोर हुन नदिने, लोकतन्त्रलाई कमजोर हुन नदिने र हामीले हाम्रा नेपाली जनताले सात दशक लामो सङ्घर्षबाट प्राप्त गरेको संविधान, २०७२ लाई समय सापेक्ष संशोधन गरेर, परिमार्जन गरेर जाने कुरा हुँदै गर्दा तर यो संविधानको रक्षातिर पनि हामी गम्भीर हुनुपर्छ जस्तो मलाई लाग्छ। विगतमा केही पनि भएन। २०४६/०४७ साल पछि यो देशमा केही पनि भएन भन्ने भाष्यसँग म सहमत छैन। भयो, धेरै भयो तर सबै भएन। अब सबै गर्नका लागि भ्रष्टाचारको नियन्त्रण, सुशासन, पारदर्शिताका साथ राजनीतिक स्थिरता कायम गर्नुपऱ्यो। अहिले झण्डै-झण्डै दुई तिहाइको बहुमतको सरकार बनेको छ। अब राजनीतिक अस्थिरता, स्थायी सरकारको अभाव कमसेकम यो ५ वर्ष हुँदैन भन्ने कुरामा हामी ढुक्क हुँदै सुशासन र विकासको नयाँ युगको सुरुवात होस्। सबैमा राष्ट्र प्रेमको भावना जागृत होस्। हामी सबै नेपाली मिलेर अब राष्ट्र निर्माणमा जुटौं भन्ने प्रतिबद्धताका साथ मेरो भनाइ अन्त्य गर्छु। धन्यवाद। जय नेपाल।

(१३:१४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य लिला कुमारी भण्डारी।

(१३:१४ बजे) मानननीय श्री लिला कुमारी भण्डारी (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको २०औं अधिवेशन सुरु भइरहेको यस विशेष महत्वको अवसरमा मलाई आफ्नो मन्तव्य राख्न डयासमा निम्त्याउनु भएकोमा म यस सभाका सम्माननीय अध्यक्षज्यूलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु र मलाई राष्ट्रिय सभामा निर्वाचित गर्न मेरो पार्टीको निर्णय सर्वोपरि छ र मेरो पार्टीको आदरणीय नेता, पार्टीको अध्यक्ष केपी शर्मा ओली लगायत पार्टीको शीर्ष नेताहरूलाई म हृदयदेखि धन्यवाद दिन चाहन्छु। यस अवसरमा मलाई आफ्नो अमूल्य मत दिई विजय गराउनुहुने सुदूरपश्चिम प्रदेश सभाका माननीय सदस्यहरू, नगरका प्रमुखहरू, नगरका उपप्रमुखहरू, पालिकाका अध्यक्ष, पालिकाका उपाध्यक्षज्यूहरू लगायत सम्पूर्ण सुदूरपश्चिमवासी जनसमुदायलाई हृदयदेखि यस सभाको रोष्टमबाट म धन्यवाद ज्ञापन गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, देशलाई आजको यस सहज परिस्थितिमा पुऱ्याउन पटक-पटकका आन्दोलनमा आफ्नो जीवन आहुति दिने ति महान शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सम्मान व्यक्त गर्न चाहन्छु र मैले आजको यस दिन सम्म आउँदा थुप्रै इतिहासमा आन्दोलनका थुप्रै उतारचढावहरूलाई पार गर्दै मुलुक यस घडी सम्म आइपुग्दा आफ्नो भूमिका पूरा गर्ने सम्पूर्ण राजनीति दलहरूलाई पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, २०८२ चैत्र १३ गते राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा सरकार गठन भएको छ। नेपाल सरकारको सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाह लगायत उहाँका मन्त्रिपरिषद्का सम्पूर्ण सदस्यहरूलाई सफल कार्यकालको शुभकामना सहित आगामी दिन देशको जवाफदेहिता, देशको जिम्मेवारीपूर्ण तरिकाको एउटा योजना निर्माण गर्ने थलोमा तपाईहरूलाई सफलता मिलोस् भन्ने शुभकामना दिन चाहन्छु र सरकारलाई आग्रह गर्न चाहन्छु केही समयदेखि मध्य पूर्वका देशहरूमा भइरहेको युद्धका कारण हाम्रो देशमा पर्न गएको प्रत्यक्ष असरलाई मध्यनजर गर्दै देशमा दिनानुदिन बढिरहेको महँगी, कालोबजारीले जनता आक्रान्त बनिरहेको यस चुनौतीपूर्ण घडीमा सबै जिम्मेवार हुनु त पर्छ नै तर पनि जनताको अभिभावकीय भूमिकामा रहेको नेपाल सरकार झन् बढी जिम्मेवारी र जबाफदेही बन्नुपर्छ, म सभाध्यक्ष मार्फत नेपाल सरकारको यतातिर पनि ध्यानाकर्षण गर्न चाहन्छु।

पछिल्लो चरणमा देशमा बढिरहेको महिला दिदीबहिनी माथिको बढिरहेको यो डिजिटल हिंसा, बलात्कार लगायत जघन्य प्रकृतिका अपराधले नेपाली समाजलाई कतातिर लैजादैछ सोच्नु पर्ने बेला आएको छ। यस्तो भयावह अवस्थालाई निस्तेज गर्न नेपाल सरकारले साँच्चै नै निर्मम प्रकारको कानुनलाई अविलम्ब निर्माण गरेर साँच्चै अपराधको दायरामा परेका र मर्न बाध्य पारिएका, त्यसमा

पनि अझै डिप्रेसनको रोगी भइरहेका ति दिदीबहिनीहरूको न्यायको लागि नेपाल सरकार गम्भीर बनोस् म माननीय मन्त्रीज्यू यही हुनुहुन्छ, मन्त्रीज्यू मार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, नवनिर्वाचित सरकारले सपथ खाए सँगसँगै सरकार अलि बढी गैरजिम्मेवार भयो, गैरकानुनी तवरले अगाडी बढ्यो कि भन्ने हामी सबैलाई चाहिँ त्यो आत्मबोध भएको छ। सबै देशको तीनटै अङ्ग, आफ्नो सिमा, आफ्नो परिभाषित जिम्मेवारीमा रहनुपर्छ र सरकारले अलि सीमा मिचिरहेको आभास सरकार बने लगत्तै हामीले अनुभव गरिरहेका छौं। जसरी गैरकानुनी ढङ्गले एकदम पूर्वाग्राही, प्रतिशोधपूर्ण व्यवहार पछिल्लो चरणमा राजनीतिक नेतृत्वमाथि सरकारले जो देखाएको छ यसको अन्त्य हुनुपर्छ र प्रतिशोधपूर्ण व्यवहार गैरकानुनी ढङ्गले धरपकडमा उत्रिएको सरकारलाई मेरो सुझाव के छ भने कहिले पनि प्रतिशोधले देश अगाडी बढ्न सक्दैन, देश चल्न सक्दैन। त्यसैले गर्दा प्रतिशोधको राजनीतिभन्दा माथि, पूर्वाग्राहीको राजनीतिभन्दा माथि आएर कानुनसम्मत तरिकाले नेपाल सरकार चलोस्। हामी सबै कानुनका पालक हौं। कानुनभन्दा माथि हामी कोही पनि छैनौं। त्यसैले गर्दा गैरसंवैधानिक तरिकाले, गैरकानुनी ढङ्गले, पूर्वाग्राही ढङ्गले प्रतिशोधपूर्ण तरिकाले समातिएका आदरणीय नेता केपी शर्मा ओली र रमेश लेखकलाई यथाशीघ्र रिहाइको माग पनि गर्न चाहन्छु।

त्यस्तैगरी सम्माननीय अध्यक्षज्यू, मध्य पूर्वमा भइरहेको युद्धका कारण वैदेशिक रोजगारीमा रहेका लाखौं-लाख नेपालीहरू त्रासदीको जीवन बाँचिरहेका छन्। रोजगारीको सिलसिलामा विदेशिएका र युद्धको त्रासमा बाँचिरहेका सम्पूर्ण नेपालीहरुको अभिभावकको भूमिका निर्वाह गर्न झण्डै दुई-तिहाइको नजिकको सरकार बनेको छ। बलियो सरकार छ। धन्यवाद।

**(१३:२० बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य वासुदेव घिमिरे।

**(१३:२० बजे)** **माननीय श्री वासुदेव घिमिरे (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरू, जीवनमा पहिलो पटक सम्मानित सभामा उभिएर बोल्दै गर्दा मलाई गौरवान्वित भएको अनुभूति गरेको छु। यस घडीमा सर्वप्रथम म २००७ सालदेखि आजसम्म भएका क्रान्ति र विभिन्न जनआन्दोलन र सङ्घर्षहरूमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण अमर शहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइते र शहिद परिवारहरूप्रति उच्च सम्मान प्रकट गर्दछु। मलाई राष्ट्रिय सभाको सदस्यको टिकट दिएर मेरो पार्टी नेपाली काँग्रेसले जुन योगदान गऱ्यो त्यसको लागि म नेपाली काँग्रेस केन्द्रीय नेतृत्वप्रति

कृतज्ञता व्यक्त गर्दछु र मलाई निर्वाचित गर्ने लुम्बिनी प्रदेशका माननीयज्यूहरू, लुम्बिनी प्रदेशका बाह्रै जिल्लाका, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षज्यूहरू, नगरपालिकाका प्रमुख, उपप्रमुखज्यूहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु। गएको माघ ११ गतेको निर्वाचनमा निर्वाचित हुनुभएका राष्ट्रिय सभाका सदस्यज्यूहरू र फागुन २१ गतेको निर्वाचनमा निर्वाचित हुनुभएका प्रतिनिधि सभाका सदस्यज्यूहरू सबैलाई बधाई ज्ञापन गर्न चाहन्छु।

आज मुलुक सङ्कटमा छ र दुई-तिहाइको नजिक-नजिक पुगेको स्वतन्त्र पार्टीको सरकार, बालेन शाहको नेतृत्वमा बनेको सरकारलाई शुभकामना र सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। मुलुक अहिले सङ्कटमा छ। बीपी कोइराला २०३३ सालमा नेपाल आउँदै गर्दा जुन एसिया महाद्वीपमा कालो बादल मडारिएको थियो, ठिक त्यही अवस्थामा आज मुलुक पुगेको छ। यो अवस्थामा सत्तामा रहेको पार्टी र वर्तमान सरकारले राष्ट्रिय एकता तथा मेलमिलाप नगरी दम्भ, प्रतिशोध र अहङ्कारलाई अगाडी लिएर सनक र लहरको भरमा भावनामा बगेर आफ्ना गतिविधि अगाडी बढायो भने यो गतिविधिले मुलुकलाई हित हुन सक्दैन। मुलुकको राष्ट्रियता अत्यन्त कमजोर भएर गइराखेको यो अवस्थामा गिरिजा बाबुले भने जस्तै राष्ट्रिय सहमति, सहकार्य र एकताको अत्यन्तै आवश्यकता छ। त्यो अनुभूति जनताले गरेको छ। आज जनताले एउटा आशा, एउटा विश्वास, एउटा भरोसाका साथ यो सरकारलाई मत दिएको छ। हिजोका दिनहरूमा हामीले धेरै कामहरू गऱ्यौं। गर्ने केही कामहरू बाँकी थिए तर जनतालाई हामीले चिन्न सकेनौं। भावना जित्न सकेनौं। उहाँको मन जित्यौ, मत जित्न सकेनौं। त्यो आफ्नो ठाउँमा होला। तर यो अवस्थामा सहकार्य, सहमति र राष्ट्रिय एकताको आधारमा सरकार गएन भने मुलुक कमजोर हुनेछ, मुलुकको राष्ट्रियता कमजोर हुनेछ। यो अवस्थामा यो सरकारले सहमति र सहकार्य र एकताको बलमा काम गरोस्। त्यसको लागि शुभकामना दिँदै राष्ट्र राष्ट्रियता भनेको जनता को भावना नै हो। राष्ट्र राष्ट्रियता भनेको एउटा ढुङ्गो र माटो होइन भन्ने कुरा यो सरकारले बुझोस्। यही सुझाव, यही सल्लाह सम्माननीय अध्यक्षज्यू मार्फत यो सरकारलाई दिँदै पुनः एक पटक सहकार्य, सहमति र एकताको आधारमा सरकार अगाडी बढोस् भन्ने सुझाव व्यक्त गर्दै मेरो भनाइ यही अन्त्य गर्ने अनुमति चाहन्छु। हस् त धन्यवाद। जय नेपाल।

(१३:२४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सम्झना देवकोटा।

(१३:२४ बजे) <u>माननीय श्री सम्झना देवकोटा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय राष्ट्रिय सभाका अध्यक्षज्यू, म यो गौरवमय सदनमा बोलिरहन पाउँदा म सबै यो राष्ट्रिय सभाप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यो सदनबाट राज्यका निम्ति सहादत प्राप्त गर्नुहुने सम्पूर्ण शहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु। राज्यको उहाँहरूको बलिदानीको जगमा आज हामी उभिएर लोकतन्त्रको अभ्यास गरिरहेका छौं। म उहाँहरू प्रति सम्मान व्यक्त गर्न चाहन्छु। नवनिर्वाचित प्रतिनिधि सभा सदस्य, सम्मानित सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहज्यूको नेतृत्वको नयाँ सरकारलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। आज म यो गौरवमय सभामा उभिएर जिम्मेवारी बहन गर्दै गर्दा मेरो राजनीतिक यात्रामा साथ सहयोग र प्रेरणा प्रदान गर्नुहुने मेरो परिवार, मेरो गाउँ नारेश्वर, मेरो जिल्ला गोर्खावासी र गण्डकी प्रदेशका जनप्रतिनिधि र जनसमुदायप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यो राष्ट्रिय सभाका नवनिर्वाचित माननीय सदस्यहरूलाई हार्दिक बधाई तथा शुभकामना समेत दिन चाहन्छु। सम्माननीय अध्यक्षज्यू यो सदन केवल मन्तव्य राख्ने थलो मात्रै नभई कानुन निर्माण र राष्ट्रको दीर्घकालीन मार्ग निर्देश गर्ने संस्था पनि हो। वर्तमान सरकारले पाएको असामान्य जनादेश लोकतान्त्रिक संसदीय अभ्यासमा बिरलै मात्रै हुने गर्दछ। नयाँ सरकारलाई क्षणिक आवेगमा भन्दा दीर्घकालीन राष्ट्रहितलाई केन्द्रमा राखेर काम गर्ने शुभेक्षा व्यक्त गर्न चाहन्छु। यसैमा हाम्रो साथ र सहयोग हुनेछ।

सम्माननीय अध्यक्षज्यू, आज २१औं शताब्दीको अन्त्य तिर आइपुग्दा पनि घरेलु र यौन हिंसा तथा सामाजिक विभेदका घटनाहरू घटिरहँदा सामाजिक, नैतिक मूल्य-मान्यताको जन चेतना जोगाउन अपरिहार्य देखिन्छ। करिब मेरो चार दशक लामो सामाजिक र राजनीतिक यात्रामा लैङ्गिक हिंसाका दुवै पक्षलाई नजिकबाट नियाल्ने अवसर पाए मैले। लिङ्गको आधारमा नभइकन पीडित, पीडक र उत्पीडनको आधारमा न्याय दिन कानुन संशोधन समेत गर्न हामी तयार हुनुपर्छ। सोसल मिडियाको दुरुपयोग गरि साइबर बुलिङ्ग तथा सामाजिक अपराधका घटनालाई नियन्त्रण गर्न कानुनी व्यवस्था गरि दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने आवश्यक छ। आज हजारौं चेलीहरू छिन-छिनमा बलात्कार भइरहेका छन्। यसप्रति सरकार जिम्मेवार बन्नु पर्दछ।

सम्माननीय अध्यक्षज्यू, आज म पहिलो सदनमा बोलिरहँदा मैले आफ्नो जिल्लाका केही प्रतिबद्धताहरू पनि व्यक्त गर्न चाहन्छु। मेरो जिल्ला गोर्खा क्षेत्र केवल एउटा जिल्लाको मात्रै नाम होइन यो त सिङ्गो नेपालको अस्तित्व र पहिचानको आधार पनि हो। हामीले गोर्खाको ऐतिहासिक महत्वलाई सम्मान गर्दै यसलाई राष्ट्रिय विकाससँग जोड्न आवश्यक छ। मनास्लु र चुम भ्याली सँगै

भूकम्पको केन्द्रबिन्दु बारपाक, नारद पोखरी, दूध पोखरी, नागे पोखरी, गोरखकाली, मनकामना जस्ता ऐतिहासिक तथा पर्यटकीय गन्तव्यहरूलाई भ्रमण गर्न जाँदा गोर्खा सदरमुकाम नै केन्द्र बनाएर त्यसलाई नै प्रदेशद्वार बनाएर जानुपर्ने मैले यो सदन मार्फत नीतिलाई पनि संशोधन गर्न, गराउन म अध्यक्ष मार्फत अनुरोध गर्न चाहन्छु। गोर्खा जिल्ला एक जीवित, ऐतिहासिक सङ्ग्रहालय अर्थात् लिभिङ हिस्टोरिकल म्युजियमको रूपमा विकास गर्दै जानका लागि गोर्खाली गौरव र ऐतिहासिक सम्पदालाई पर्यटनसँग जोडी गोर्खाको व्यापार र व्यवसायलाई पनि थप टेवा पुर्‍याउन म हार्दिक अपिल गर्न चाहन्छु। गोर्खाको बूढीगण्डकी जलसायुक्त आयोजना, गोरखकाली रबर उद्योग, पुष्पलाल मध्यपहाडी लोकमार्ग राष्ट्रिय गौरवको आयोजना भएकोले संघीय सरकारको क्षेत्राधिकार भित्र पर्दछ। यसलाई तत्काल अघि बढाई सम्पन्न गर्न संघीय सरकारले योजना बनाओस् भन्ने पनि म जानकारी र अनुरोध गर्न चाहन्छु। हाम्रो राष्ट्र नेपाल प्राकृतिक, धार्मिक र आध्यात्मिक विविधताले सम्पन्न एक अद्वितीय राष्ट्र हो, जुन विश्वको लागि दुर्लभ र अनुपम उपहार हो। यसलाई योजनाबद्ध रूपमा राष्ट्रको आर्थिक र सांस्कृतिक विकाससँग जोड्नु पर्दछ र नेपालको जल, जङ्गल, जडीबुटी संरक्षण र उपयोगको नीति साथै पर्यटन प्रवर्धन र यसको बृहत् कार्ययोजना बनाई अगाडि बढाउनका लागि पनि नेपाल सरकारसँग अनुरोध गर्न चाहन्छु।

आदरणीय अध्यक्षज्यू, हामी हाम्रो अध्यक्ष केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकको गैरकानुनी थुनालाई तुरुन्तै गिरफ्तार गरिएकोले उहाँको रिहाइको म माग गर्दै यो सदन मार्फत हार्दिक अनुरोध गर्न चाहन्छु। हस् धन्यवाद।

(१३:३० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुनिल बहादुर थापा ।

(१३:३० बजे) **माननीय श्री सुनिल बहादुर थापा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, आज म यहाँ संविधान सभा दोस्रो प्रतिनिधि सभा हुँदै राष्ट्रिय सभामा तपाईंहरूको माझमा उभिन पाउँदाखेरि मलाई खुशी लागेको छ। दोस्रो, मेरो पार्टी नेपाली काँग्रेसले मलाई मनोनयन गरेर कोशी प्रदेशबाट जुन मैंले यहाँ प्रतिनिधित्व गर्न पाए उहाँहरुलाई पनि म धन्यवाद दिन चाहन्छु। सर्वप्रथम आज बालेन सरकार आइसकेपछि यहाँ संविधान संशोधनका कुराहरू आएका छन्। नेपाली काँग्रेस पार्टी संविधान संशोधनको लागि खुला छ। तर यो बिर्सिनु भएन कि हामीले संविधान सभा प्रथममा पनि संविधान ल्याउन सकेनौ। संविधान सभाको दोस्रो बैठकले ३२ वटा पार्टी र दुइटा सांसद स्वतन्त्र

सांसदको समायोजनमा बडो कठिनका साथ हामीले यो संविधान ल्याएका छौं। त्यो संविधान लेखन र कर्ता मध्ये केही साथीहरू यहाँ हाम्रो माझमा पनि हुनुहुन्छ, राष्ट्रिय सभामा। तसर्थ, म के भन्छु भने नेपाल सरकारलाई यो संविधान बनाउनको लागि र संविधान लेखनको लागि समयानुकाल सबै जनजाति, जातीयता सबैलाई समेटेर युवा, मधेश, दलित सबैको पनि इच्छा पूरा गर्ने गरेर यो संविधान आउनुपर्छ भन्ने मैले मान्यता राखेको छु।

नेपालको हर आन्दोलनबाट चाहे त्यो २००७ साल होस्, २०१७ साल होस्, २०३६ साल होस् र हाल-सालै आएको यो जेनजी आन्दोलनले ल्याएको एउटा खुड्किलोले गर्दाखेरि आज २०८२ सालको निर्वाचन भएका छन्, यसलाई बिर्सनु भएन। त्यति मात्र होइन २००७ सालदेखि लडेर नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र संविधान ल्याउनको लागि भूमिका खेलेको र शहिद हुनु भएका परिवारहरूलाई पनि सम्मानका साथ एकै किसिमका ओजनमा राखेर हेरिनु पर्छ भन्ने मलाई लाग्छ किनभने आज म सुन्दै छु कि जेनजी आन्दोलनका शहीदहरूलाई मात्रै उ गरेको हुनाले आज त्यही पुरानो २००७ सालदेखिका संविधान सभादेखि लिएर आएका साथीहरूको सबैलाई हामीले सम्मान सुविधा र समान व्यवहार गर्नुपर्छ भन्ने मैले मान्यता राख्दछु, हेर्नुस। यहाँ भाष्य पनि के छ भन्दाखेरि राष्ट्रिय सभाका सदस्यहरूले अब आउने विभिन्न ऐन, कानुन, विधेयकहरूलाई रोकिने छ भनेर। म विशिष्ट तुल्याउन के चाहन्छु भने हामी त्यो मार्गमा हिँड्दैनौ। हामी जिम्मेदार बोध भएर आएका छौं। जिम्मेवार लिएर आएका छौं। हाम्रो जिम्मेवार हामीलाई थाहा छ। हामी राष्ट्र बनाउनको लागि र सुशासन दिनको लागि हामी यहाँ आएका छौं र म नेपाल सरकारलाई पनि आश्वस्त के पार्न चाहन्छु भने हामीहरूले तपाईंहरूले ल्याएको राम्रो बिल देश निर्माणका बिलहरूमा हामी कम्प्लिमेन्ट्री रोल खेल्छौं। हामीले ..... हुँदैनौ किनभने हामी जिम्मेवार पनि छौं।

दोस्रो कुरा, आज हामी कतैकतै सूचनाको हकबाट, नेपालको संविधानले दिएको सूचनाको हकबाट वञ्चित त भएका छैनौं। किनभन्दाखेरि जेनजी आन्दोलनको उत्पत्तिबाट भएको कार्की आयोगको रिपोर्ट आज सम्म सार्वजनिक भएको छैन तर त्यही आयोगलाई कोट्याएर आज केही साथीहरूमाथि कारबाहीहरू भएका छन्। हामी जान्न चाहन्छौ के कस्तो कारणले कारबाही भएको हो र साथ साथै राष्ट्रिय मानव अधिकारको रिपोर्ट पनि चाँडो भन्दा चाँडो प्रस्तुत गरियोस् किनभने अब चाँडो भविष्यमा युनाइटेड नेसन हाइ कमिस्नरको बैठकमा नेपाल सरकार जाँदाखेरि त्यो रिपोर्टहरूको खोज तलासी हुन्छन्, हेर्नुस्। तसर्थ, नेपालीले आफ्नो सूचनाको हकको अधिकार पाउनुपर्छ भन्ने म राख्दछु। आज नेपालको मार्ग बन्द भनेको आर्थिक क्षेत्र हो र आर्थिक क्षेत्रलाई अघि बढाउनको लागि यो सरकारले

नयाँ नियम, कानुनहरू..... ल्याउनुपर्छ भन्ने लाग्दछ किनभन्दाखेरि आर्थिक विकासबाट देशको समृद्धि हुन्छ पनि। दोस्रो कुरा, आज मध्य प्रदेशमा भूमिमा परेको लडाइले नेपालमा महँगी चुलिएको छ। तपाईहरूलाई म एउटा याद के गराउँछु भन्दाखेरि धेरै पहिला यो पेट्रोलियम पाइपलाइनबाट ल्याएको पाइपको पेट्रोलबाट यहाँ सहजीकरण गर्न सकिन्छ भन्ने मलाई लाग्छ। धन्यवाद। जय नेपाल।

(१३:३५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सोमनाथ पोर्तेल ।

(१३:३६ बजे) **माननीय श्री सोमनाथ पोर्तेल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो गरिमामय राष्ट्रिय सभाको पोडियममा उभिएर बोल्ने अवसरका लागि म सम्माननीय अध्यक्षज्यूप्रति आभार सहित धन्यवाद ज्ञापन गर्न चाहन्छु। यस अवसरमा म मुलुकको स्वाधीनता, जनअधिकार र जनजीविकाका निमित्त आफ्नो जीवन उत्सर्ग गर्ने सबै शहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। सबै अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु। मलाई कोशी प्रदेशबाट यो सदनमा प्रतिनिधित्व गर्नका लागि उम्मेदवार बनाउने मेरो पार्टी नेकपा एमाले, पार्टीका नेतृत्वगण र त्यसलाई समर्थन गर्ने नेपाली काँग्रेसका सबै नेताहरू, मलाई निर्वाचित गर्न कोशी प्रदेशका ९३ जनै प्रदेश सभाका सदस्यज्यूहरू, १३७ वटै स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु। जनप्रतिनिधि स्वाभाविक हिसाबले जनताप्रति उत्तरदायित्व बहन गर्नुपर्छ, उत्तरदायी बन्नुपर्छ नै। सँगसँगै हामी प्रदेश सभाबाट निर्वाचित, प्रदेश सभाका सदस्यहरूबाट निर्वाचित जनप्रतिनिधि, स्थानीय तहबाट निर्वाचित जनप्रतिनिधि हुनुको नाताले प्रदेश सभा र स्थानीय तहप्रति हामी अलि बढी जबाफदेही बन्छौ नै। त्यो जबाफदेही बन्नुपर्छ भन्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। सँगसँगै ऐतिहासिक कालबाट उत्पीडन भोगिरहेको उत्पीडित दलित समुदायको एउटा प्रतिनिधि हुनुको नाताले मेरो आवाज यो सदनमा ती समुदायको साझा आवाज बन्ने छ भन्ने कुरा समेत म व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, एउटा अपार जनमत पछि दुई-तिहाइ बहुमतको सरकार बनेको छ। बालेन शाह “वालेन्द्र शाह” सम्माननीय प्रधानमन्त्रीको रूपमा नियुक्ति हुनुभएको छ। उहाँको नेतृत्वमा बनेको वर्तमान सरकारको म सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। उहाँहरू

सबैलाई बधाई ज्ञापन गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, चुनावका बेलामा राष्ट्रिय स्वतन्त्र पार्टीले सुशासनको नारा अगाडी सार्‍यो। त्यसलाई जनताले भरोसा पनि दिए र दुई-तिहाइ नजिकको बहुमत प्राप्त भएको छ। आज हामीसँग मौजुदा कानुनको रूपमा सुशासन ऐन छ। त्यो ऐनले भन्दो रहेछ कि सुशासनको एउटा मानकको रूपमा एउटा महत्वपूर्ण मानकको रूपमा विधिको शासनलाई अङ्गीकार गरेको छ। आज भाद्र २३ र २४ गतेको आन्दोलनको छानबिनका लागि गठन गरिएको आयोगको हवाला दिँदै, आयोगको प्रतिवेदनको हवाला दिँदै सम्माननीय पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई गिरफ्तार गरिएको छ। उहाँहरुलाई अहिले थुनामा राखिएको छ। त्यसका लागि मन्त्रिपरिषद्लाई निर्णय गरेको र गृहमन्त्रीले आदेश दिएको भन्ने कुरा आएको छ। म आग्रह गर्न चाहन्छु कि हाम्रो विधिले मन्त्रिपरिषद्लाई अनुसन्धान गर्ने निकाय तोकेको हो ? म सम्माननीय अध्यक्षज्यू मार्फत सरकारलाई प्रश्न गर्न चाहन्छु, के अनुमोदन गर्ने अधिकार हाम्रो कानुनले गृहमन्त्रीज्यूलाई तोकेको हो ? सम्माननीय अध्यक्षज्यू मार्फत म सरकारलाई आग्रह गर्न चाहन्छु। अहिले हामी लोकतान्त्रिक व्यवस्थामा छौं। अहिले हामी संवैधानिक सर्वोच्चता मान्ने छैनौं। संविधानको सर्वोच्चताको व्यवस्थामा छौं। तर सरकार मन्त्रिपरिषद्को सर्वोच्चतामा विश्वास राख्न गइरहेको छ कि हुकुम प्रणालीबाट शासन चलाउन गइरहेको छ कि भन्ने भान हुन्छ। त्यसकारण म सरकारलाई सम्माननीय अध्यक्षज्यू मार्फत विधिको शासनमा फर्किनका लागि आग्रह गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, हाम्रो संविधानले देशको सम्पूर्ण सार्वभौम अधिकार कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने भनेको छ। त्यसैगरी संविधानको धारा १६२ ले भन्छ प्रदेश भित्रको कार्यकारिणी अधिकार संविधान र प्रदेश कानुन बन्न लागि प्रदेश मन्त्रिपरिषद्मा रहने भन्छ। त्यसैगरी पालिका तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुन बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकामा रहने भन्छ। भर्खरै चैत्र १८ गते प्रधानमन्त्री कार्यालयको तर्फबाट एउटा परिपत्र जारी भएको छ। कसलाई विज्ञापन दिने, कसलाई नदिने भनेर पालिका तहसम्म परिपत्र जारी भएको छ। यसले ती तहहरूको अधिकार कुण्ठित गरेको छ कि छैन ? म सरकारलाई प्रश्न गर्न चाहन्छु। अब हाम्रा पालिकाहरूले, हाम्रो प्रदेश सरकारले संविधान बमोजिम, कानुन बमोजिम चल्ने हो कि संघीय सरकारको कुनै मन्त्रालयको परिपत्रबाट चल्नु पर्ने हो। विधिमा फर्किन म सम्माननीय अध्यक्षज्यू मार्फत हार्दिकतापूर्वक आग्रह गर्न चाहन्छु ।

अन्त्यमा, यो सदनमा रहँदा संविधानको सर्वोच्चता, कानुनको शासन र जनअधिकारको रक्षाका लागि सधैँभरि प्रतिबद्धता व्यक्त गर्न चाहन्छु र मैले लगाएको जुन यो सेतो दौरासुरुवाल छ, यसमा अलिकति पनि दाग लाग्न नदिने प्रतिबद्धता गर्छु। धन्यवाद।

(१३:४१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य महन्थ ठाकुर। अलि पछि बोलाएको हो नाम। आउनुहुन्छ कि ढिलो भनेर, आउनुभएन।

माननीय सदस्यहरू, नवनिर्वाचित माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब राष्ट्रिय सभा नियमावली, २०७५ को नियम (८) बमोजिम राष्ट्रिय सभाको उपाध्यक्ष पदको निर्वाचन सम्बन्धी प्रक्रिया प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको उपाध्यक्षको निर्वाचन कार्यक्रम अनुसार उपाध्यक्ष पदमा सभाका माननीय सदस्य लिला कुमारी भण्डारीलाई निर्वाचित गरियोस् भन्ने एकमात्र प्रस्तावको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब उक्त प्रस्तावका प्रस्तावक माननीय सदस्य प्रेम प्रसाद दंगाललाई सभाका माननीय सदस्य लिला कुमारी भण्डारीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु। समय १० मिनेट।

(१३:४३ बजे) **माननीय श्री प्रेम प्रसाद दंगाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, म माननीय लिला कुमारी भण्डारीलाई राष्ट्रिय सभाको उपाध्यक्षमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव सभामा प्रस्तुत गर्न उभिएको छु। प्रस्ताव प्रस्तुत गर्नु भन्दा अगाडि म माननीय लिला कुमारी भण्डारीज्यूको बारेमा केही कुराहरू राख्ने अनुमति चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, लिला कुमारी भण्डारी आफ्नो विद्यार्थी कालमै, विद्यार्थी जीवन सुरु गर्दा नै मुलुकको प्रजातान्त्रिक आन्दोलन "विद्यार्थी आन्दोलनमा" सक्रियतापूर्वक सहभागी हुनुभयो। विद्यार्थीहरूको खासगरीकन विद्यार्थीहरुका आम समस्याहरू उठाउने क्रममा अनेक प्रकारका धरपकडमा पनि पर्नु भएको यहाँ हामीलाई जानकारी भएको छ। यसै क्रममा राजनीतिक जीवन अगाडि बढाउने सन्दर्भमा २०५५ सालमा तत्कालीन नेकपा

माओवादीको सदस्यको रूपमा आबद्ध भई सशस्त्र सङ्घर्षमा द्वन्दमा सहभागी हुनुभयो र काम गर्दै जाने क्रममा, जिम्मेवारी लिँदै जाने क्रममा उहाँ सो पार्टीको केन्द्रीय कमिटीको सदस्यको जिम्मेवारी पनि उहाँले प्राप्त गर्नुभयो र कुशलतापूर्वक निभाउनु पनि भयो। यसै क्रममा शान्ति प्रक्रिया खासगरीकन अझ अगाडि दोस्रो जनआन्दोलन २०६२/०६३ सालको जनआन्दोलन सम्पन्न भइसकेपछि शान्ति प्रक्रिया पश्चात् खासगरीकन पहिलो संविधान सभाको निर्वाचनको क्रममा उहाँ उम्मेदवार हुनुभयो, विजय हुनुभयो। पहिलो संविधान सभामा अत्यन्त कुशलतापूर्वक भूमिका खेल्नुभयो। त्यसैक्रममा उहाँले राज्यको अन्य जिम्मेवारी लिने क्रममा शिक्षा राज्यमन्त्रीको जिम्मेवारी समेत उहाँले सम्हाल्ने अवसर पाउनुभयो। जिम्मेवारी प्राप्त गर्ने सन्दर्भमै दोस्रो संविधान सभाको पनि उहाँ कैलाली क्षेत्र नं ६ मा उम्मेदवार रहनुभयो। तर उहाँ पराजित हुन पुग्नुभयो। यसै क्रममा नेकपा एमालेमा आबद्ध हुनुभयो र नेकपा एमालेको केन्द्रीय कमिटि र पोलिटब्यूरो सदस्य समेत हुँदै उहाँ कैलाली जिल्लाको पार्टी इन्चार्ज समेतको भूमिका उहाँले खेल्नुभयो। उहाँले विद्यार्थी आन्दोलन सँगसँगै सामाजिक जीवनका अनेक पक्षहरुमा पनि आबद्ध हुँदै एउटा अभियन्ताको रूपमा पनि आफूलाई प्रस्तुत गर्नुभयो। स्वाभाविक छ, महिला आन्दोलनमा उहाँले झन् महत्वपूर्ण भूमिका खेल्नुभएको छ। खासगरीकन महिलाहरूलाई राज्यका विभिन्न निकायहरूमा नीति निर्माणको थलोमा एक-तिहाइ महिला सहभागिता सुनिश्चित गर्न गराउनका लागि पार्टीमा आबद्ध भएर होस् वा महिला आन्दोलनमा आबद्ध भएर होस् वा व्यक्तिगत हिसाबले अभियन्ताका रूपमा होस् उहाँले महत्वपूर्ण भूमिका खेल्नुभयो। उहाँ कुशलतापूर्वक नेतृत्व गर्न सक्नुहुन्छ। यी सबै जिम्मेवारीहरू पूरा गर्ने क्रममा संविधान सभामा खेलको भूमिका, शिक्षा राज्यमन्त्री हुँदाखेरि उहाँले खेलेको भूमिका, महिला आन्दोलन र पार्टी राजनीतिमा उहाँले खेलेका भूमिका, उहाँले अगाडि सारेका विचार, उहाँले गरेका विश्लेषण, ..... र छलफलहरू, अन्तरक्रियाहरू हामीले अध्ययन गर्दा, पार्टीले उहाँ कुशलतापूर्वक राष्ट्रिय सभाको उपाध्यक्ष जस्तो गरिमामय पदमा रहेर जिम्मेवारी पूरा गर्न सक्नुहुन्छ भन्ने ठानेर नेकपा एमालेका तर्फबाट, संसदीय दलको तर्फबाट उहाँलाई उम्मेदवारीको रूपमा हामीले प्रस्तुत गर्‍यौं।

हामीले यो उम्मेदवारी प्रस्तुत गरे पश्चात् हाम्रा आशा र अपेक्षा सबै पार्टीका संसदीय दलहरूबाट समर्थन हुने अपेक्षा हामीले गरेका थियौं। स्वाभाविक हिसाबले हामीले छलफल अन्तरक्रिया अगाडि बढायौं, भेटघाट गर्‍यौं हाम्रा संसदीय दलका माननीयज्यूहरूसँग, सबै पार्टीका माननीयज्यूहरूसँग। छलफल, अन्तरक्रिया गर्ने क्रममा यतिबेला हामीले सहमति गर्नपर्छ र राष्ट्रलाई एउटा संदेश दिनपर्छ। खासमा यहाँ पहिलो पार्टी या दोस्रो पार्टी मिलेको भएपनि, मिल्दाखेरि सबै पदहरू अहिले यहाँ उपाध्यक्ष।

त्यसैगरी विषयगत समितिका सभापतिहरू लिने स्थिति थियो, बहुमत-अल्पमतको कुरा गर्दा। पहिलो पार्टी र दोस्रो पार्टी मिल्दा पनि। दोस्रो पार्टी र तेस्रो पार्टी र अर्को चौथो पार्टी मिल्दा पनि। पहिलो पार्टी र तेस्रो पार्टी मिल्दा पनि। त यस्तो खालको स्थिति थियो। तर हामीले त्यस्तो चाहेनौं। हामीले राष्ट्रिय सभामा विगतका हाम्रो मूल्य-मान्यता, स्थापित मान्यताहरू, अभ्यासहरू र माननीयज्यूहरूले राष्ट्रिय सभाले जुन संदेश दिँदै आएको छ। चाहे त्यो विधि निर्माणका सन्दर्भमा होस्, चाहे नीति निर्माणका सन्दर्भमा होस्। चाहे अन्य निर्णय गर्ने सन्दर्भमा होस्। जुन खालको सहमति कायम हुँदै आएको थियो। त्यसलाई अझ निरन्तरता दिनु पर्छ। अझ त्यसलाई हाम्रो एकता अझ सघन बनाउनुपर्छ। राष्ट्रलाई एउटा संदेश हामीले दिन पर्छ कि यहाँ राष्ट्रिय सहमति भयो। त्यसो भएको हुनाले हामीले उहाँलाई अगाडि सार्‍यौं। सबै दलका माननीयज्यूहरूसँग छलफल, अन्तरक्रिया हुँदाखेरि हामी एउटा सहमतिमा पुग्यौं र उहाँको उम्मेदवारीलाई सबै दलका तर्फबाट समर्थन भएको व्यहोरा म यहाँ निवेदन गर्न चाहन्छु। यो राष्ट्रिय सभाका तर्फबाट हामीले यति बेला आजको परिस्थिति हेरेर, भोलिका चुनौतीहरू समेत हेरेर हामीले यो निर्णय गर्न पुग्यौं। हामीले गरेका सहमतिहरू ती क्रमशः राष्ट्रिय सभाको कार्यसूची मार्फत हाम्रो बीचमा आउने नै छन्। भोलि आउनेछन्, आजै आउनेछन्, भोलि आउनेछन्। तिनलाई हामी क्रमशः अगाडि बढाएर लिएर जाने छौं। त्यो खालको प्रतिबद्धता हामीले व्यक्त गरेका छौं। यो मुलुकलाई संदेश दिनका लागि हामीले यी कामहरू गरेका हौं। त्यसो भएको हुनाले सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य लिला कुमारी भण्डारीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१३:५० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब उक्त प्रस्तावका समर्थक माननीय सदस्य कृष्ण बहादुर रोकायलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु। समय ५ मिनेट।

(१३:५० बजे) **माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, म राष्ट्रिय सभाका उपाध्यक्ष पदका उम्मेदवार माननीय सदस्य लिला कुमारी भण्डारीलाई समर्थन गर्नको लागि म यहाँ उभिएको छु। सम्माननीय अध्यक्ष महोदय, माननीय लिला कुमारी भण्डारी लामो समय नेपालको लोकतान्त्रिक आन्दोलनमा योगदान गरेको एकजना महिला नेतृ हुनुहुन्छ। उहाँले यसअघि संविधान सभाको सदस्य भएर र सँगसँगै नेपाल सरकारको शिक्षा राज्यमन्त्री भएर समेत

उहाँले यो मुलुकको निम्ति एउटा योगदान गरी सक्नुभएको छ र त्यो खालको एउटा अनुभव पनि प्राप्त गरिसक्नु भएको छ। उहाँ जत्तिको एक अनुभवी, इमानदार, सक्षम व्यक्तित्व भएकोले राष्ट्रिय सभाको उपाध्यक्ष भएर राष्ट्रिय सभाको गरिमा बढाउन सक्नुहुन्छ भन्ने विश्वास हाम्रो दलले गरेको छ र यसकारणले पनि म उहाँलाई समर्थन गर्नको निम्ति म यहाँ उभिएको छु।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा आफैमा एउटा विगतमा सहमतिले चल्ने एउटा प्रचलन छ। यहाँ विगतमा सत्तापक्ष र प्रतिपक्ष हुँदा पनि हामीले हरेक निर्णयहरू सहमतिका साथ हामीले निर्णय गर्ने गरेका छौं र त्यो विगतको हाम्रो एउटा प्रचलन छ। त्यसकारणले यसलाई निरन्तरता दिनको निम्ति उहाँ जत्तिको व्यक्तित्वले सक्नुहुन्छ भन्ने पनि हामीले विश्वास लिएका छौं र यही विश्वासका साथ म सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य प्रेम प्रसाद दंगालले माननीय सदस्य लिला कुमारी भण्डारीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनि सभा समक्ष राखुभएको प्रस्तावको म समर्थन गर्दछु। धन्यवाद।

(१३:५३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, उक्त प्रस्तावका अर्का समर्थक माननीय सदस्य पुजा चौधरीलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु। समय ५ मिनेट।

(१३:५३ बजे) **माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य प्रेम प्रसाद दंगालले माननीय सदस्य लिला कुमारी भण्डारीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनि सभा समक्ष राखुभएको प्रस्तावको म समर्थन गर्दछु। धन्यवाद।

(१३:५३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, उक्त प्रस्तावका अर्का समर्थक माननीय सदस्य मदन कुमारी शाह (गरिमा) लाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु। समय ५ मिनेट।

(१३:५४ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाली कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्षज्यू, म यो रोस्टममा माननीय प्रेम प्रसाद दंगालज्यूले माननीय लिला कुमारी भण्डारीज्यूलाई

राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भने प्रस्तावको समर्थन गर्न उपस्थित भएको छु। एकमात्र उम्मेदवारी परेको कारण उहाँ सहमतिको उम्मेदवार हुनुहुन्छ भन्ने कुरा चाँहि हामी सबैले थाहा पाइसकेका छौं। उहाँ लामो पार्टी अनुभवबाट यहाँसम्म आइपुग्नु भएको छ। उहाँको लामो साङ्गठनिक पृष्ठभूमि छ। संविधान सभा, राज्य मन्त्रीको भूमिकामा उहाँले सफलतापूर्वक काम सम्पन्न गर्नु भएको छ। त्यस अर्थमा म आज व्यक्तिगत रूपले होइन, संस्थागत र राजनीतिक आधारमा उहाँलाई समर्थन गर्न उभिएको छु। आज हामी व्यक्ति रोज्न गइरहेका छैनौं, संसदको कार्य क्षमता, निष्पक्षता, लोकतन्त्र र समाजवादका मूल्य मान्यतालाई सुदृढ बनाउन एकताको सहकार्यको सन्देश दिन गइरहेका छौं। यस अर्थमा यो हाम्रो महत्त्वपूर्ण गौरव गर्नुपर्ने यात्राको रूपमा मैले यसलाई लिएको छु।

सम्माननीय अध्यक्षज्यू, सर्वसम्मत रूपमा निर्वाचित हुन गइरहनु भएको लीला कुमारी भण्डारीज्यू  हुनुहुन्छ। उहाँको नेतृत्वमा म के अनुरोध गर्न चाहन्छु भने यसो गरिरहँदा आज पत्र पत्रिकामा भागबन्डा गरे भन्ने पनि सुनिन्छ। म अनुरोध गर्न चाहन्छु यो मिल्नु, सहकार्य गर्नु, भागबन्डा गर्नु होइन। राजनीतिक रणनीतिको मात्र कुरा होइन। यो गणतन्त्र जोगाउने, संविधान जोगाउने, लोकतन्त्रलाई सुदृढ बानाउने जिम्मेवारी पनि हो र त्यो जिम्मेवारी अनुभूत र महसुस गरेर हामीले यो काम गरेका हौं। तसर्थ, म यहाँ उभिएको छु। समाजवादको यात्रामा मुलुकलाई अगाडि बढाउनु पर्ने छ। संविधानको रक्षा र यसलाई समृद्ध बनाउनु पर्ने छ। जनताको विश्वास प्रणालीप्रति स्थापित गर्नु पर्ने छ। भविष्यमा, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता क्षेत्रमा बन्ने दीर्घकालीन नीति, रणनीतिहरू बनाउन यो आज को सहमतिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु। यो भागबन्डाको कुरा भन्दा पनि राष्ट्र निर्माणको कुरा हो। यसलाई यसरी नै ग्रहण गर्नुपर्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु। हाम्रो राष्ट्रिय सभाको परम्परा पनि हो सहकार्य र समन्वयबाट अगाडि बढ्ने र हामीले आजसम्म गणतन्त्र पनि सहकार्यबाट ल्याएका हौं। संविधान सभाको सफलता पनि सहकार्यबाट भएको हो र आगामी दिनमा पनि राष्ट्र निर्माणका लागि हामीले सहकार्यको बाटो समात्नु पर्छ भन्ने मलाई लाग्दछ। संसद, संवाद, समन्वय, सहमति र सहकार्यको थलो बन्नु पर्दछ। त्यो जिम्मेवारी निर्वाचित हुन गइरहनु भएका माननीयज्यूले निर्वाह गर्न सक्नु हुनेछ, सक्नुहोस् भन्ने  शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

राष्ट्रिय सभाको मर्यादा, गणनालाई बढाउँदै संविधान, गणतन्त्र, विधिको शासनप्रति प्रतिबद्ध रही राष्ट्रिय सभाका नियमावलीलाई पूर्णतः अक्षर-अक्षर लागू गर्न उहाँले पहलकदमी गर्नुहुनेछ भन्ने अपेक्षा पनि म लिन चाहन्छु। यो पद उहाँ निर्वाचित भइरहँदा स्वतन्त्र, निष्पक्ष रही आफ्नो जिम्मेवारीलाई उहाँले निर्वाह गर्नुहुनेछ भन्ने विश्वास पनि लिन चाहन्छु। अहिले भविष्यमा राजनीतिक गतिरोधहरू पनि

आउन सक्छ। त्यो राजनीतिक गतिरोधधहरूलाई अन्त्य गर्न पार्टीको नेतासँग छलफल गरेर सहमति खोज्नु पर्ने आवश्यकता पनि आउन सक्छ। त्यसलाई स्वाभाविक र व्यावहारिक ढङ्गले हामीले ग्रहण गर्नुपर्छ र ग्रहण गर्दछौं। तर कहिलेकाहीँ दलगत निर्देशनलाई मान्दा यो संसदको गरिमा अलि धूमिल हुन्छ। यो कुराको पनि स्मरण म गराउन चाहन्छु। तसर्थ, राष्ट्रिय सभाको नियमावली कार्यान्वयनमा उहाँले निष्पक्ष रेर्फिको भूमिका निर्वाह गर्नु हुनेछ भन्ने कुरा म राख्दै सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य प्रेम प्रसाद दंगालले माननीय सदस्य लिला कुमारी भण्डारीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनि सभा समक्ष राख्नु भएको प्रस्तावको म समर्थन गर्दछु। धन्यवाद।

(१३:५९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, सभाका माननीय सदस्य लिला कुमारी भण्डारीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पद निर्वाचित गरियोस् भनि एउटा मात्र प्रस्तावको सूचना प्राप्त भएकोले राष्ट्रिय सभा नियमावली २०७५ को नियम ८ बमोजिम सभाका माननीय सदस्य लिला कुमारी भण्डारी राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा माननीय लिला कुमारी भण्डारीलाई मेरो व्यक्तिगत एवम् राष्ट्रिय सभाको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमलाई आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेश गर्न समय उपलब्ध गराउँछु।

(१४:०१ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री सोबिता गौतम**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु। धन्यवाद।

(१४:०१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब राष्ट्रिय सभाका पूर्व सदस्य रामचन्द्र भट्टराईको निधनमा शोक प्रस्ताव प्रस्तुत गर्दछु। विक्रम सम्वत् १९९८ साल असोज ९ गते जन्मिनु भएका राष्ट्रिय सभाका पूर्व सदस्य रामचन्द्र भट्टराईको ८४ वर्षको उमेरमा मिति २०८२ साल

माघ १३ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ। स्वर्गीय भट्टराई नेपाल कम्युनिस्ट पार्टी एमालेको तर्फबाट विक्रम सम्वत् २०५६ सालमा राष्ट्रिय सभाको सदस्य हुनु भएको थियो। यो बैठक स्वर्गीय भट्टराई प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक संतप्त परिवार जन प्रति गहिरो संवेदना प्रकट गर्दछ। माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव पारित गरी दिनु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु। माननीय सदस्यहरू अब राष्ट्रिय सभाका पूर्व सदस्य रामचन्द्र भट्टराईको निधन प्रति शोक व्यक्त उठेर एक मिनट मौन धारण गरौं।

(मौन धारण)

धन्यवाद।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल चैत्र २५ गते बुधवार अपरान्ह १ बजेर १५ मिनटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर अर्को बैठक २०८२ साल चैत्र २५ गते बुधवार अपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

**स्थगितः १४:०४ बजे।**